**Prithvi Journal of Research and Innovation**
**(A Peer-Reviewed, Open Access Journal of Research Reports)**
**ISSN 2705-4888 (Print); ISSN 2705-4896 (Online)**
**Volume 1; 15 December 2019**
DOI: https://doi.org/10.3126/pjri.v1i0.29900

# 'पानीको घाम' र 'सेतो धरती' उपन्यासको तुलनात्मक अध्ययन

*सुलोचना खनाल, उपप्राध्यापक*
*नेपाली विभाग*
*पृथ्वीनारायण क्याम्पस, त्रिवि, पोखरा*

**सार**
*प्रस्तुत शोधमूलक लेखमा अमर न्यौपानेका 'पानीको घाम' र 'सेतो धरती' उपन्यासका संरचना र नारीवादी स्वरको तुलनात्मक अध्ययन गरिएको छ । यस क्रममा नवीव शिल्प संरचना अनि सीमित परिवेशमा केन्द्रित भई बहुरङ्गी समाजको चित्रणका दृष्टिले पहिलो बढी महत्त्वको देखिएको छ भने नारीका सीमित (बाल, अनमेल, बहु विवाह र विधवाका) समस्या उठाएर तिनलाई अपेक्षाकृत विस्तृत र घनत्वपूर्ण गहिराइसाथ प्रस्तुतिका दृष्टिले दोस्रो बढी महत्त्वको देखिएको छ । दुबै उपन्यासमा नारीवादी स्वर नै बढी तुलनीय देखिएकाले त्यसको अन्वेषण यहाँ केही विस्तारमा गरिएको छ । यो अध्ययन मूलतः निगमनात्मक र अंशतः आगमनात्मक विधिमा आधारित छ ।*

**मुख्य शब्द** : पानीको घाम, सेतो धरती, उपन्यासको संरचना, नारीवाद ।

## विषय परिचय

हरिमाया र एकनाथ न्यौपानेका दुई सन्तान (जेठी छोरी र कान्छो छोरा) मध्ये अमर न्यौपाने एक हुन् । उनको जन्म २०३४ सालमा चितवनमा भएको थियो । उनले चितवनकै सरकारी र पब्लिक शैक्षिक संस्थामा अध्ययन गरेर नेपाली विषयमा स्नातकोत्तर तहसम्मको औपचारिक अध्ययन पुरा गरेको बुझिन्छ (खनाल, २०७५, पृ.१७) । स्कुले जीवनबाटै उनले कविता लेख्न थाले पनि औपचारिक साहित्यिक यात्राको थालनी भने २०५३ सालमा चितवनबाट प्रकाशित "स्मृति" साप्ताहिकमा प्रकाशित गीत बाट भएको हो (भिडोयो वार्ता, http://sabdasahitya.blogspot.com/2015/01/blog-post.html) । उनको पुस्तकारको पहिलो प्रकाशित कृति भने *पानीको घाम* (२०६६) आख्यान हो । त्यसपछि *कलिलो मन* (२०६७) बालकथा सङ्ग्रह, *सेतो धरती* (२०६८) उपन्यास र *करोडौँ कस्तुरी* (२०७२) उपन्यास प्रकाशित छन् । विभिन्न पत्रिकामा उनका केही कविता पनि प्रकाशित छन् । कविता धेरै नै लेखेको भए पनि तिनलाई उचित स्तर नदिई प्रकाशन नगर्ने उनको सोचका कारण कविता सङ्ग्रह ननिस्किएको बुझिन्छ (भिडियो वार्ता, https://www.youtube.com/watch?v=kwHGyJYt5Hs) । यसरी हेर्दा न्यौपानेको प्रमुख साहित्यिक व्यक्तित्व भनेको आख्यानकार र त्यसमध्ये पनि उपन्यासकार नै देखिन्छ । न्यौपानेका तिनवटा उपन्यास प्रकाशित भए पनि पहिलो र दोस्रो बढी महत्त्वका छन् । पहिलो *पानीको घाम*ले २०६६ सालको पद्मश्री साहित्य सम्मान र दोस्रो *सेतो धरती*ले मदन पुरस्कार नै पाएको थियो । तेस्रो उपन्यास *करोडौँ कस्तुरी* साहित्यिक कलामूल्यका दृष्टिले भन्दा पनि शैक्षिक प्रयोजनका लागि लेखिएको देखिन्छ । त्यसैले यस शोधमूलक लेखमा न्यौपानेका बढी महत्त्वपूर्ण देखिएका पहिलो *(पानीको घाम)* र दोस्रो *(सेतो धरती)* उपन्यासहरुको तुलनात्मक अध्ययन गरी निष्कर्षमा पुग्ने काम गरिएको छ ।

**अध्ययनका समस्या र उद्देश्य**

प्रस्तुत शोधमूलक लेखको मुख्य समस्या भनेको अमर न्यौपानेका *पानीको घाम* र *सेतो धरती* उपन्यासहरुको तुलनात्मक अध्ययन नै हो । यी दुबै उपन्यासमा नारी समस्याले बढी महत्त्व पाएको हुँदा यिनीहरुको मूलतः नारीवादी र अंशतः अन्यकोणबाट समेत तुलनात्मक अध्ययन गरिएको छ । त्यसैले यसका मुख्य समस्या निम्न देखिएका छन् ।

१. न्यौपानेका *पानीको घाम* र *सेतो धरती* उपन्यासहरुको संरचना (मूलतः बाह्य) तुलनात्मक दृष्टिमा के कस्ता देखिन्छन् ?

२. यी दुबै उपन्यासमा नारीवादको अभिव्यक्ति तुलनात्मक रूपमा के कस्तो रहेको छ ?

यिनै समस्याहरुको वस्तुगत अध्ययन गरी निर्क्यौल पहिल्याउनु नै यस शोधमूलक लेखको उद्देश्य हो । त्यसैले ती उपन्यासहरुको संरचना र विषयवस्तुमा अभिव्यक्त नारीवादको निरूपण यहाँ तुलनात्मक ढङ्गमा गरिएको छ ।

**अध्ययन विधि**

यस शोधमूलक अध्ययनका लागि सामग्री पुस्तकालयबाट सङ्कलन गरिएको छ । सामग्रीको विश्लेषण भने उपन्यासको सैद्धान्तिक पुस्तकमा चर्चा गरिएको औपन्यासिक संरचना र नारीवादका सैद्धान्तिक पुस्तकमा उल्लेख भएको नारीवादी लेखनलाई आधार मानी गरिने भएको हुँदा यो मूलतः निगमनात्मक विधिमा आधारित छ तर कतिपय लेखकीय मौलिकताको अन्वेषण गर्दा यसमा आगमनात्मक विधिको पनि अंशतः प्रयोग रहेको छ । यिनैसँग आनुसङ्गिक भएर तुलनात्मक, वर्णनात्मक र विश्लेषणात्मक पद्धतिको पनि उपयोग यहाँ भएको छ । गर्भे टिप्पणी र सन्दर्भ सूची ए पी ए विधि अनुसार राखिएको छ ।

**पूर्वकार्यको समीक्षा र अध्ययनको औचित्य**

अमर न्यौपानेको पहिलो उपन्यास *पानीको घाम*का बारेमा कतिपय समाचार प्रधान पत्रपत्रिकाहरूमा छोटोमोटो पुस्तक परिचय प्रस्तुत गरिएको पाइए तापनि यसको साहित्यिक पक्षको रचनात्मकता झल्कने किसिमले समीक्षकहरूले कलम चलाएको खासै पाइन्न । यस वास्तविकताको बोध स्वयं न्यौपानेलाई पनि रहेको छ । उनका कतिपय अन्तर्वार्तामा ती कुरा प्रकट भएका छन् । तर विष्णुप्रसाद पौडेलले *रचना* पत्रिका (२०६९, फागुन-चैत अङ्क) मा "पानीको घाममा टल्केको जीवनको प्रतिबिम्ब" शीर्षकको लेखमा केही विस्तारमा चर्चा गरेको पाइन्छ । पौडेलको यस चर्चामा कृतिको प्रयोगशील पक्ष र त्यसभित्रका विभिन्न स्वरलाई सङ्क्षेपमा समेटिएको देखिन्छ । यस क्रममा सीमान्तकृत समुदायको जीवन, नारी जीवनको पीडा, नारीहरूको सशक्त विद्रोह र प्रभुत्व, विगत र वर्तमानको राजनीतिक कुरूपता, यौन मनोविज्ञान, स्थानीय कोलाजमय शब्दचित्र, नेपालगन्जको जीवनका अनेक रूप, जीवन चिन्तन, वैचारिकता, निबन्धात्मकता, कथनको साहित्यिक सरसता र अनौपचारिक प्रस्तुति गरी १३ वटा बुँदामा प्रस्तुत कृतिको अन्तर निरीक्षण गरिएको छ । यीमध्ये दोस्रो र तेस्रो बुँदाका हेराइ नारीवादसँग सम्बन्धित देखिन्छन् तर यी सारै सङ्क्षिप्त रहेका छन् ।

*सेतो धरती* उपन्यासका बारेमा ऋचा भट्टराईले "श्वेत पृष्ठभूमिको रङ्ग" शीर्षकमा २०६९ वैशाख ३० को *अन्नपूर्ण पोस्ट* दैनिक पत्रिकामा सामान्य चर्चा गरेको पाइन्छ । सोही दिनको *नागरिक दैनिक* पत्रिकामा सिपी अर्यालले "इन्द्रेणी नायिकाको श्यामश्वेत कथा" शीर्षकमा यस कृतिको सर्सर्ती विषय बयान गर्दै पुरानै विषयलाई नयाँ काव्यात्मक ढाँचामा प्रस्तुत गरिएको टिप्पणी गरेका छन् । यस्तै सोही मितिको *सौर्य दैनिक* पत्रिकामा "सेतो आवरणभित्रको रङ्गीन जीवन" शीर्षकको भूमीश्वर पौडेलको छोटो लेखमा पनि उपन्यासको विषयलाई सामान्य सङ्केत गरिएको छ । २०६९ साल जेठ १४ गतेको *नेपाल राष्ट्रिय साप्ताहिक*मा सन्तोष आचार्यले "मुर्दावाद जिन्दगी, जिन्दावाद जिन्दगी" शीर्षकमा यस कृतिको विषयको सामान्य सङ्केत गर्दै उपन्यासमा देखाइएको ताराको जीवनप्रतिको नव आस्थालाई औंल्याइएको छ । २०६९ जेठ २७ गतेको *नागरिक दैनिक*मा नेहा शर्माले "कथा बाल विवाहको" शीर्षकमा यसको प्रवाहपूर्ण प्रस्तुति र विषयवस्तुको यथार्थताको सामान्य चर्चा गरेकी छन् । त्यस्तै २०६९

असार ३ गतेको *देशान्तर साप्ताहिक*मा "अमरको सेतो धरती" शीर्षकमा विष्णुविभु घिमिरेले छोटो चर्चा गर्दै यसको काव्यात्मक प्रस्तुतिको प्रशंसा गरेको पाइन्छ । यस्तै २०६९ असार ३० गतेको *नयाँ पत्रिका*मा शिखर घिमिरेले "सुन्दर शैलीमा कारुणिक कथा" शीर्षकमा पूर्ववर्तीकै चर्चालाई दोहोऱ्याएका छन् । यस्तै २०६९ साउन १-१५ को *हिमाल खबर पत्रिका*मा जीवा लामिछानेले "श्यामश्वेत जीवनको कथा" शीर्षकमा उपन्यासले प्रकट गरेको विधवा नारीका व्यथालाई सङ्केत गर्दै "शैली, दर्शन, प्रस्तुति तथा विषयवस्तुका दृष्टिले अब्बल दर्जाको कृति" भन्ने प्रशंसात्मक टिप्पणी गरेको देखिन्छ । यस्तै मे २६, २०१२ को *काठमाडौँ पोस्ट*मा आयुस निरौलाले "स्पेक्टेटोर्स इन देयर ओन लाइभस्" शीर्षकको छोटो लेखमा उपन्यासको विषय र भाषिक सामर्थ्यमाथि सामान्य सङ्केत गरिएको छ । यस्तै अगस्त ५, २०१२ को *द हिमालयन टाइम्स*मा बुक रिभ्युका रूपमा उपन्यासकी मुख्य पात्र विधवा ताराको जीवनमाथि सामान्य प्रकाश पारेको पाइन्छ । यसरी मुख्यतः पुस्तक परिचयका रूपमा उपन्यासको विषय र भाषिक पक्षमाथि छोटोमोटो चर्चा धेरैले गरे पनि यसको नारीवादी कोण जुन मुख्य कोणकै रूपमा उपन्यासमा रहेको छ, त्यसको भने खासै चर्चा भएको पाइन्न ।

पछिल्लो लेखका रूपमा *प्राज्ञ प्रभात* (४:४, २०६९, चैत २५ गते) पत्रिकामा विष्णुप्रसाद पौडेलले "सेतो धरती उपन्यासको विषयवस्तु र त्यसमा अभिव्यक्त जीवन दृष्टि" शीर्षकमा यसमा अभिव्यक्त विषयवस्तु र त्यसमा प्रकटित नारीवादी स्वरलाई प्रसङ्गवश सङ्क्षेपमा सङ्केत गरिएको पाइन्छ । न्यौपानेका उक्त दुबै उपन्यासको नारीवादी स्वरलाई एकै ठाउँमा कसैले पनि केलाएको पाइँदैन । अलग अलग उपन्यासको चर्चा गर्दा प्रसङ्गवश अंशतः केही प्रभाववादी ढाँचामा सामान्य चर्चा गरिएको पाइन्छ । यही पृष्ठभूमिमा सुलोचना खनालद्वारा आफ्नो "अमर न्यौपानेका उपन्यासमा नारीवाद" शीर्षकको लघु अनुसन्धानमा न्यौपानेका दुबै उपन्यासमा अभिव्यक्त नारीवादी स्वरलाई पहिलो पटक केही विस्तारमा अन्वेषण गर्ने काम भएको छ । तर यी दुई उपन्यासको तुलनात्मक अध्ययनतिर त्यो लघु अनुसन्धान खासै लागेको छैन । त्यसैले यो शोधमूलक लेख सोही पृष्ठमूभिमा न्यौपानेका उक्त दुई उपन्यासको तुलनात्मक अध्ययनमा केन्द्रित रहेको छ ।

न्यौपानेको बहुचर्चित उपन्यास *सेतो धरती* नै हो । यसको बहुचर्चाको मुख्य कारण यसले २०६८ सालको मदन पुरस्कार पाउनु नै हो । त्यसबाहेक घर्ती समाजले आफ्नो जातिलाई अपमानित गरेको भन्ने आक्षेप लगाई पोखरामा यस कृतिलाई सार्वजनिक रूपमा जलाउनाले पनि यो सञ्चारमा बढी चर्चामा रहेको हो । तर यसको यस्तो चर्चामा कृतिगत अन्तरङ्ग साहित्यिक पक्षलाई त्यति महत्त्व दिएको पाइन्न । त्यसैले ती प्रस्तुत शोधसँग प्रत्यक्ष सम्बन्धित पूर्वकार्य नभई अप्रत्यक्ष सम्बन्धित सन्दर्भ मात्रै हुन् ।

माथिको पूर्वकार्य हेर्दा निश्चित आधारसहित प्रथम पटक यस अनुसन्धानमूलक लेखमा दुबै उपन्यासको तुलनात्मक ढङ्गमा नवीन खोजमूलक समालोचनात्मक काम गरिएको छ । यसबाटै यसको औचित्य स्थापित हुन आएको छ । यसबाहेक सृजन सामर्थ्य भएका समकालीन एकै उपन्यास स्रष्टाका फरक फरक उपन्यासहरुको तुलनात्मक अवस्था देखाएर उनको सबल रचनात्मकतालाई प्रोत्साहित गर्नु, नेपाली औपन्यासिक समालोचनालाई समृद्ध तुल्याउनु, समकालीन नारी जागरणलाई टेवा पुऱ्याउनु जस्ता कुरा यसका थप औचित्यका आधार रहेका छन् ।

**'पानीको घाम' र 'सेतो धरती' उपन्यासको तुलनात्मक अध्ययन**

अमर न्यौपानेका 'पानीको घाम' र 'सेतो धरती'दुबै उपन्यासहरुलाई विभिन्न आधारमा तुलनात्मक अध्ययन गर्न सकिने भए पनि यहाँ मूलतः तिनको संरचना स्वरूप र मूल प्रतिपाद्यका रूपमा रहेको नारीवादी स्वरका आधारमा क्रमशः तुलनात्मक अध्ययन गरी निष्कर्षमा पुगिएको छ ।

**संरचनाका आधारमा दुबै उपन्यासको तुलना**

साहित्यिक कृतिको संरचनाले सामान्यतः त्यसको बाह्य रूपाकारलाई जनाउँछ तर गहिरिएर हेर्दा कृतिका अनेक संरचकले नै एउटा पूर्ण संरचना भएको कृति निर्माण गर्छ । त्यसैले कृति (प्रस्तुत सन्दर्भमा उपन्यास) का विभिन्न उपकरणहरुको विन्यासमा संरचनाको व्याप्ति हुन्छ र संरचनाको सूक्ष्म अध्ययन गर्ने हो भने ती सबै

उपकरणहरुको विन्यासको कलात्मकताको अन्वेषण आवश्यक हुन्छ । तर प्रस्तुत अध्ययन त्यो स्तरको रूपपरक अध्ययन नभई मूलतः स्वरपरक (नारीवादी) अध्ययन हो । त्यही भएर विवेच्य कृतिका मूलतः बाह्य संरचना (जसमा कृतिको बाह्य स्वरूप वा आकार प्रकार, त्यसको विषयको प्रकृति र आधार भूमि वा क्षेत्रगत व्याप्ति, विषय सङ्कलन र प्रस्तुत गर्ने तरिका, कथानकीय गतिक्रम, पात्रको चरित्र निर्माण र तिनको भाषिक प्रयोग, उद्देश्य कथनको विधि जस्ता कुरा) को सर्सर्ती अन्वेषण गरी दुबै कृतिमा पाइने शैलीगत भिन्नताको तुलनात्मक अध्ययन तल क्रमशः गरिएको छ ।

- अमर न्यौपानेको पहिलो कृति 'पानीको घाम' प्रयोगशील संरचना भएको आख्यान हो भने दोस्रो कृति 'सेतो धरती' परम्परित संरचना भएको उपन्यास हो । पहिलोमा छुट्टाछुट्टै पढ्न पनि मिल्ने १९ वटा कथा छन् तर ती विभिन्न आधारमा आपसमा सम्बन्धित पनि भएका हुँदा समग्र कृतिका स्तरमा उपन्यास बनेका छन् (पौडेल, २०६९ख, पृ. ३८) । दोस्रोमा एकै विषयको निरन्तर विकास भएको लामो कथावस्तु छ । त्यसले कृतिलाई कथा बन्न नदिई उपन्यास नै बनाएको छ ।
- पहिलो १४x२१" आकारका जम्मा १९५ पृष्ठ (भूमिका आदि बाहेक) मा विस्तारित छ । यसमा १९ वटा कथाका शीर्षकहरु रहेका छन् । दोस्रो १२x२०" आकारका जम्मा ३७३ पृष्ठ (भूमिका आदि बाहेक) मा विस्तारित छ । दोस्रोमा पनि विभिन्न प्रसङ्गसँग सम्बन्धित ६८ वटा शीर्षकहरु त छन् तर ती पहिलोका जस्ता स्वतन्त्र कथाका रूपमा भने देखिँदैनन् ।
- पहिलो उपन्यास जी टी जेड प्रोजेक्टको सुविधा लिई लेखक दुई महिना नेपालगन्जमा बसेर मुख्यतः त्यहाँका समस्याग्रस्त जाति जनजाति र सीमान्तकृत समुदायका विविध विषयहरुको अध्ययनपछि निर्माण गरिएको हो ( न्यौपाने, २०६६, पृ.ख-ग) भने दोस्रो उपन्यास पनि लेखक तनहुँ र चितवनको सङ्गम स्थल देवघाटमै १७ दिनसम्म वृद्ध विधवा नारीहरुसँग बसी (न्यौपाने, २०६८, पृ.आभार/अन्तिम) उनीहरुको अतीतको गहन अध्ययन गरी निर्माण गरिएको हो । त्यसैले क्षेत्रकार्यद्वारा निर्मित यी दुबैको आख्यानको स्वरूप नेपाली यथार्थ धरातलमा नै आधारित छ । यीमध्ये पहिलोले तराईका नेपालीहरुको र दोस्रोले पहाडी नेपालीहरुको प्रतिनिधित्व गर्दछ ।
- प्रयोगशिल शिल्पको भए पनि पहिलोमा विषय कथन समय क्रममा क्रमशः गर्दै गइएको हुँदा त्यसको कथानकीय गति रैखिक संरचनाको जस्तै देखिन्छ तर दोस्रोमा वयोवृद्ध ताराले आफ्नो बाल्यकालदेखिको अतीत सम्झँदै कथन गरेकी हुँदा त्यसको कथानकीय गति व्यतिक्रमी संरचनाको छ ।
- पात्रको चरित्र निर्माण गर्दा दुबैमा नाटकीय वा अप्रत्यक्ष विधिको उपयोग धेरै भए पनि कतिपय ठाउँमा प्रत्यक्ष वर्णनात्मक विधिको पनि उपयोग गरिएको छ । पहिलोमा लेखक स्वयं पनि कृतिभित्र पात्रैका रूपमा स्पष्ट देखिएका पनि छन् । तद्देशीय कथा खोज्न जाने क्रममा लेखकले के कस्तो स्थिति व्यहोऱ्यो ? पात्रहरुले ऊप्रति के कस्ता गुनासा र आक्रोश मिसिएका प्रतिक्रिया व्यक्त गरे अनि ऊ कस्तो बिलखबन्दमा पऱ्यो जस्ता कुराहरु पनि आएका छन् तर दोस्रोमा लेखक नै कृतिभित्र पात्र बनेर अरूसँग संवाद गरेको यस्तो नव प्रयोग छैन ।
- विषय कथन गर्दा अशिक्षित नरनारीका कथ्य लबजलाई दुरुस्तै उतार्ने काम वा स्थानीय भाषिकाको उपयोग गर्ने काम दुबैमा गरिएको छ तर पहिलो बहुभाषिक सामाजिक परिवेशमा आधारित भएको हुँदा त्यसमा यस्तो भाषिक विविधता वा बहुभाषिक स्वरूपता पनि रहेको छ । दोस्रो भने मूलतः नेपाली मातृभाषी समाजमा आधारित भएको हुँदा त्यसमा अशिक्षित नेपालीको एकै किसिमको सामाजिक भेद वा स्थानीय भेद मात्रै रहेको छ ।
- पहिलोमा विषयको निरूपण सिधै नगरी लेखकले त्यसको प्राप्तिका लागि के कस्तो प्रयत्न गरेर त्यसको उत्पादन गऱ्यो (प्रोसेस र प्रोडक्ट) भन्ने देखाइएको छ । यसमा विषयको निरूपण गर्दा पत्रकारिताको रिपोटिङको शैलीको पनि उपयोग रहेको छ । तर दोस्रोमा विषय उत्पादनका लागि लेखकले गरेको प्रक्रिया (प्रोसेस) को बयान छैन । सिधै परम्परित ढाँचामा विषयको कथन / वर्णन छ ।
- पहिलो उपन्यास मूलतः नेपालगन्जको भौगोलिक परिवेशमा सीमित रहेर त्यहाँका विशेषतः सीमान्तकृत समुदायका विविध समस्या निरूपणमा केन्द्रित छ । यसको सीमित भौगोलिक परिवेश र त्यहाँका केही पात्रले

देखेभोगेका विविध समस्या कृतिको आद्यान्तसम्म व्याप्त रहँदा त्यसले औपन्यासिक संरचनाको स्वरूप पनि ग्रहण गरेको छ (खनाल, २०७५, पृ. २१) । तर दोस्रो उपन्यास मूलतः तनहुँ र चितवनको सङ्गम देवघाटको परिवेशमा सीमित रहेर बाल विधवाका समस्यालाई कथन गरेको छ । यस्तो समस्याबाट ग्रस्त नारी सुरुमा लमजुङमा देखिएका छन् भने पछि ती कास्की, तनहुँ, चितवन हुँदै भारतका विभिन्न ठाउँमा पनि पुगेका छन् तर मुख्य नारी पात्र तारा भने देवघाटमै सीमित रहेकी छ । उपन्यासको विषयवस्तु उसकै केन्द्रीयतामा गतिशील छ । ताराकी बहिनी कला, ताराकी साथी पवित्रा, ताराकै सौतने आमाका रूपमा भित्रिएकी बालिका, यमुनाको ग्रह काट्न भित्र्याइएकी तेस्री पत्नी जस्ता अन्य नारीका जीवनका थप जटिलताहरु मूल विषयसँग नै सम्बद्ध सहायक विषय बनेर आएका छन् । पहिलोमा जस्तो फरक फरक कथाका रूपमा ती आएका छैनन् । त्यसैले विषय सङ्गठनको औपन्यासिक संरचना दोस्रोमा जति दरिलो छ पहिलोमा त्यति दरिलो छैन । आख्यानका कथा र उपन्यास दुबै भेदका रूपमा हेर्न सकिने प्रयोगशील संरचनाको पहिलो छ भने अर्को आख्यानको दोस्रो भेद उपन्यास नै हो भनी निर्धक्क भन्न मिल्ने परम्परित संरचनाको छ ।

- पहिलो सीमित भूगोलको बहुरङ्गी समाजमा केन्द्रित रहेर त्यहाँ देखिने अनेक समस्याहरुको निरूपण गर्ने उद्देश्यले लेखिएको छ तापनि त्यो मूलतः सीमान्तकृत समुदायकै विपन्नताबाट सिर्जित विविध समस्यामा केन्द्रित छ । तर दोस्रो पहिलोका अपेक्षा व्यापक भूगोलमा व्याप्त भए पनि त्यहाँ देखिने विधवा नारीका धार्मिक, सांस्कृतिक समस्यालाई प्रस्तुत गर्ने उद्देश्यले लेखिएको छ । दुबैमा यथास्थितिमा सुधारका अपेक्षा छ । दुबैमा उद्देश्य प्रस्तुत गर्ने विधि प्रत्यक्ष नभई अप्रत्यक्ष वा नाटकीय नै छ ।
- सारमा भन्दा दुबै एकै लेखकका आख्यान कृति भए पनि पहिलो सीमित क्षेत्रका अनेक समस्यालाई विषयबद्ध गर्ने प्रयोगशील संरचकहरुले भरिएको छ भने दोस्रो अपेक्षाकृत व्यापक क्षेत्र समेटे पनि सीमित समस्या लिई परम्परित संरचनाको ढाँचामै त्यसलाई बुनिएको छ । पहिलोको अपेक्षा दोस्रोमा सम्बद्ध समस्यालाई अनेक कोणबाट गहिराइका साथ हेर्नुका साथै समय सापेक्ष समाधानको अपेक्षा पनि गरिएको छ । दुबैको शैली कलात्मक नै भए पनि शैली विन्यासका दृष्टिले दोस्रोभन्दा पहिलो प्रशस्त कलापूर्ण नवीनताले भरिएको संरचनाको छ ।

**नारीवादी लेखनका आधारमा दुबै उपन्यासको तुलना**

**नारीवादी लेखनका आधारभूत मान्यता**

विशेष गरी नारीका विभिन्न समस्यालाई बढी महत्त्व दिई नारीका पक्षमा वकालत गरेर रचना गरिएका साहित्यलाई नै नारीवादी साहित्य लेखनका रूपमा हेरिन्छ । भनिएको पनि छ- नारीलाई केन्द्रमा राखेर लेखिने साहित्य नै नारीवादी साहित्य हो (त्रिपाठी, २०६८, पृ. ५) । यसले नारीलाई पराश्रित नभई स्वनिर्भर हुन प्रेरित गर्छ ( पौडेल, २०६९क, पृ. ८१) । यस्तो लेखनको अभिप्रेरक समाजको नारीविरोधी गतिविधि र त्यसका विरुद्ध चालिएका अन्तर्राष्ट्रिय र राष्ट्रिय विभिन्न आन्दोलनहरु नै हुन् ।

नारीवादका विभिन्न प्रकारले नारीशोषण दमनको आआफ्नै किसिमले लेखाजोखा गर्ने भए पनि आधारभूतमा हेर्दा नारीवादी साहित्यले समाजको लिङ्गभेदको सोचलाई नकारी लैङ्गिक समानताको वकालत गर्ने, नारी स्वयंलाई शिक्षित र सचेत बनी आफूप्रति भएका विभेदको प्रतिकार गर्न प्रेरित गर्ने, नारीलाई आत्मनिर्भर भएर स्वत्वको बोध गर्न लगाउने, समाजका पुरुषका सबै एकाधिकार वा पितृसत्ताको अमानवीयता चित्रण गरी त्यसप्रति घृणा व्यक्त गर्ने, नारीहरुलाई सङ्गठित भई आफ्नो स्वत्वको संरक्षण गर्न सघाउने, नारीलाई स्वतन्त्र, आत्मनिर्भर र पुरुष समकक्षी हुन प्रेरित गर्ने जस्ता काम गर्दछ । अझ सारमा भन्दा नारीविरोधी पितृसत्ताको चित्रण गरी पाठकहरुमा त्यसप्रति विमति र नारीवादी स्वरको निरूपण गरी पाठकहरुमा त्यसप्रतिको सम्मतिको भाव जगाउने काम नारीवादी लेखनमा हुन्छ ।

नारीवादी साहित्यको लेखाजोखा नारीवादी समालोचनाले गर्दछ । नारीवादका आधारभूत कुराको अनुसरण के कति, के कसरी भयो भन्ने कुराको वस्तुगत छानबिन नारीवादी समालोचनाले गरेको हुन्छ (खनाल, २०७५, पृ.२०) । नारीवादले सिर्जना र समालोचना दुबैमा नारीकै सक्रियतालाई बढी महत्त्व दिन्छ ।

नारीवादी लेखनका आधारमा अमर न्यौपानेका *पानीको घाम* र *सेतो धरती* उपन्यासको तुलनात्मक अध्ययन गर्ने क्रममा यहाँ पहिला यी दुबै उपन्यासको पितृसत्तात्मक र नारीवादी स्वरलाई अलग अलग सङ्क्षिप्त अध्ययन गरेपछि तिनको समानता र भिन्नताको तुलनात्मक अध्ययन प्रस्तुत गरिन्छ ।

**'पानीको घाम' उपन्यासको पितृसत्तात्मक प्रवृत्ति र नारीवादी स्वर**

**पितृसत्तात्मक प्रवृत्ति**

समाजको नारी शोषणको मूल आधार नै पितृसत्ता मानिन्छ । यस दृष्टिले हेर्दा *पानीको घाम* उपन्यासमा पितृसत्ताद्वारा गरिने नारी शोषणका विभिन्न सन्दर्भ भेटिन्छन् । जस्तै-

*पुरुषकी उपभोग्या वस्तुका रूपमा नारीलाई हेर्नु* पितृसत्ताको नारी शोषणको पहिलो आधार हो । यसको चित्रण यस उपन्यासमा धेरै नै गरिएको छ । "साटिएका फूल कथा"ले समाजमा बुर्का लगाएर वा नलगाई हिँड्ने दुबै नारीहरु पुरुषको गिद्धेदृष्टिबाट असुरक्षित छन् भन्ने सङ्केत गरेको छ भने "नदीको गति र किनारको नियति" कथामा सीतालाई उसको देवरले उपभोग्या देख्न छाडेपछि अर्की स्वास्नी राम दुलारी ल्याएको छ । त्यस्तै "ऊ असुरक्षा माग्छे" कथामा कमला, दुर्गा, लक्ष्मी, पार्वती, सीता जस्ता नारीहरु मन्दिर परिसरमै बारम्बार पुरुषको सुखका साधन बनी बलात्कृत हुनु परेको र कुरूपबाहेकका नारीहरु समाजमा कतै पनि सुरक्षित नभएको देखाइएको छ (पृ.३६) । संसारमा भाले पशुपंक्षीहरुबाट पोथी असुरक्षित हुँदैनन् तर लोग्नेमान्छेबाट नारी किन यति धेरै असुरक्षित हुन परेको भन्ने प्रश्न पनि यहाँ गरिएको छ (पृ. ३६-३७) । यस्तै बिरामी पत्नी छाडी अर्कै आइमाईसँग लाग्ने लोग्ने (स्वीकार अस्वीकार कथामा), बिरामी बुहारीलाई हेर्न पऱ्यो भनी उसकै माइत पठाउन खोज्ने ( ईश्वरसँगको मुद्दा कथामा), बदिनीहरुको यौनधन्दा बन्द गराइए पनि सहरमा गोप्य रूपमा त्यसलाई विकास गर्दै लाने (दृष्टिकोण कथामा), राणा शासक वा अभिजात वर्गका पुरुषहरुले सहजै सामान्य परिवारका नारीहरुलाई भोग गर्ने (सालिक कथामा) जस्ता कुराले कृतिको समाजले नारीलाई पुरुषको उपभोग्या साधन मात्रै ठानेको देखाउँदछन् । पितृसत्तात्मक समाजको यो एउटा महत्त्वपूर्ण नारीविरोधी प्रवृत्ति हो ।

*घरेलु हिंसा* पितृसत्ताको नारी शोषणको अर्को रूप हो । नारी बाहिरी समाजमा मात्रै नभई आफ्नै घरमा वा आफन्तहरुको माझमा पनि शोषण र दमनमा परेकी हुन्छे भन्ने कुरा अबोध बालिका दीपारु बहेलियालाई मालिकको छोराले गरेको दुर्व्यवहार, सीमान्तकृतका छोरीचेलीले खुला ठाउँमा दिसापिसाब गर्दा वा नुहाउँदा छरछिमेक र आफन्तले चिहाएर हेर्ने काम, सानैमा आमा पोइला हिँडेपछि उसकी छोरी परियाग चौधरीलाई बाबु र कान्छी आमाले दिएको सास्ती, पोइला गएकी आमासँग गएकी १३ बर्से माया गुरुङले भोगेको पीडा, घरकी स्वास्नी रोगाएपछि अर्कीसँग सल्कने लोग्ने (स्वीकार अस्वीकारमा), जाँडरक्सी धोकेर आई पत्नीसँग निहुँ खोजीखोजी झगडा गर्ने, रिसले भएको टिभी फुटालेर हिँड्ने (कथान्तमा), आफ्ना छोरी बुहारीलाई बुर्का लगाएर मात्रै बाहिर हिँड्न दिने, उनीहरुको चियोचर्चो गर्ने (साटिएको फूलमा), विवाहिता पत्नीलाई सनकका भरमा सजिलै छाडेर अर्की लिई हिँड्ने, फेरि फर्केर नआउने (हिँडिरहेको बाटो र कुरिरहेको रुखमा), पत्नीले छोरी पाई भनी तलाक दिने (दृष्टिकोणमा) आदि प्रसङ्गहरुले पुष्टि गरेका छन् ।

*नारी जीवनको दयनीय र विद्रूप अवस्था* पनि पितृसत्ताको नारीदासताकै कारण देखिएको छ । उपन्यासका माथिका सन्दर्भहरुले पनि त्यसैको धेरै हदसम्म पुष्टि गरेका छन् । तीबाहेक "कथान्त"की लालमतीले केही क्षणअगि जर्दापान मुखमा हालेर चबाउँदा रन्थनिई ओकलेको लेखकलाई भनेकी छ- "मेरो जीवन तँपैंले निल्न नसकेको तर आधा चपाएर ओकलेको त्यही पान जस्तै छ (पृ.१०) ।" तत्कालको दृष्टान्तमूलक यस भनाइले विपन्न वर्गका नारीको पीडाको विद्रूपतालाई राम्रैसँग सङ्केत गरेको छ । यसको थप पुष्टि दारुगाँजा खाने, स्वास्नी कुट्ने, दहेजको सामान चोरेर बेच्ने, दुईनम्बरी काम गर्ने र आफूलाई अकारण छाडी अर्की केटी लिएर भारत पस्ने लोग्ने विरथ सुधेर

एक दिन अवश्य फर्किन्छ भनी एकोहोरो कुरेर बसिरहेकी प्रेमपताको टिठलाग्दो अवस्था (हिँडिरेको बाटो र कुरिरहेको रुखामा), धार्मिक साम्प्रदायिक दङ्गामा दङ्गाकारीहरुको प्रतिशोधी अराजक मानसिकताले त्यस विषयसँग कुनै सरोकार नराख्ने निर्दोष महेशकी बहिनीलाई गरिएको सामूहिक बलात्कार र त्यसबाट मर्नु न बाँच्नु बनेको उसको अवस्था (बादलमुनिमा), विपन्न बालिकाहरुले तल छोप्ने जीर्ण धरो पाए पनि माथि छोप्ने धरो नपाएको र नाङ्गै हिँड्नु परेको अवस्था (हेराइमा), एड्स पीडित सुल्फी बदिनीको अवस्था (काँचको गिलासमा) आदिबाट हुन्छ ।

*नारी नै नारीका पीडक* बनाएर पनि पितृसत्ताले प्रस्तुत गरेको छ । बिरामी भएकी बुहारीलाई उसकै माइत पठाएर उपचारको झन्झटबाट मुक्त हुन खोज्ने र छोरोलाई अर्की विवाह गर्न दबाब दिने सासू (ईश्वरसँग मुद्दामा), आमा नभएकी सौतेनी छोरीप्रति सारै रुखो व्यवहार गर्ने सौतेनी आमा (स्वीकार अस्वीकारमा), आफ्नो पतिलाई नै सर्वस्व ठान्ने पत्नी घरमा हुँदाहुँदै उसैको लोग्ने खोसेर हिँड्ने नारीकर्म (हिँडिरहेको बाटो र कुरिरहेको रुखमा) जस्ता प्रसङ्गले सोही कुराको पुष्टि गरेका छन् ।

*पुरुषको दम्भ* पनि पितृसत्ताको अर्को प्रवृति हो । यसले उनीहरुलाई मान्छेमा हुने स्वाभाविक मानवीयपनबाट अलग तुल्याइ दिन्छ । पुरुष भए पछि जस्तै पीडामा पनि रुनु हुन्न, सदा कठोर र रुखो भएर प्रस्तुत हुनुपर्छ भन्ने पितृसत्तात्मक सोच यहाँ पनि देखिएको छ । "स्वास्नी मर्दा पनि के विधि रोएको ? अर्को पाइहाल्छ नि " (पृ. ७५) भन्ने टिप्पणीले त्यसैको पुष्टि गरेको  छ ।

***नारीवादी स्वर*** पनि 'पानीको घाम'मा देखिएको छ । नारीवादले पितृसत्ताको विरोध मात्रै नगरी त्यसको प्रतिरोध पनि गर्दछ । यसले लिङ्गका आधारमा गरिने कुनै पनि किसिमको विभेदलाई निषेध गरी लैङ्गिक विभेद मुक्त समाजको अपेक्षा गरेको हुन्छ । यसमा लैङ्गिक समताको स्वरले त्यति धेरै प्राथमिकता नपाए पनि सीमित कथा (जस्तै-साटिएको फूल, रिमिक्स, अस्तित्व दाबी र हरियो प्रेम) मा नारीहरु पितृसत्ताको अनुशासन भङ्ग गरी स्वअस्तित्वका लागि प्रयत्नशील रहेको पाइन्छ । 'साटिएको फूल'मा मुसलमान समाजका नारीहरु जो बुर्का लगाएर हिँड्न बाध्य छन् त्यसप्रतिको विद्रोहको केही छनक देखिएको छ भने 'रिमिक्स'मा नारीवादी स्वर अलि टड्कारो रूपमा आएको छ । त्यहाँकी विधवा इतबरियाले आफै आफूले चाहेजस्तो विधुर खोजेर बसेकी छ भने जेलिन्दाले आफ्नो इच्छाअनुसार केटाहरु छान्दै हिँडेकी छ । छोराछोरी पाउन विवाह नै गर्नु पर्छ भन्ने छैन भन्ने उसको मान्यता छ (पृ.१२६) । उसले छोरी पाए पनि बाबुको निर्धारण गरेकी छैन । सम्पन्न र सक्षम भए पछि पितृसत्तात्मक समाज पनि उसको कार्यको आलोचना गर्न अग्रसर हुन्न भन्ने उसको सोच छ । पितृसत्ताको चरम दमन र शोषणको पूर्ण प्रतिरोधमा यसका कार्यकलाप प्रकट भएका छन् । यस कममा परम्परित सोचबाट मुक्त भइनसकेको हाम्रो समाजका लागि यो एउटा अतिवादको प्रतिरोधमा जन्मेको अर्को अतिवाद जस्तो पनि देखिएको छ ।

यस्तै 'अस्तित्वको दाबी'की युवती पनि पितृसत्तात्मक समाजका नारी हिंस्रक पुरुषप्रति आक्रामक भएर प्रतिरोध गर्न उत्रेकी छ । बस यात्राका क्रममा उरेन्ठेउला केटाहरुले आफ्नो शरीर छोएर दुर्व्यवहार गर्नेहरुसँग उसले चर्को स्वरमा तिनीहरुलाई लल्कार्दै भनेकी छ- "म मान्छे जोडेर अहिल्यै यो सहरको चोकचोकमा जुत्ताको माला लगाएर घुमाउन सक्छु तँलाई । बोलाऊँ पुलिस (पृ. ४५) ?" उसको आक्रोशका अगाडि बसका सबै मानिस प्रतिक्रिया विहीन बनेका थिए । ऊ "सबैको आआफ्नै अस्तित्व हुन्छ" (पृ.४६) भन्ने सोचकी वा पूर्ण स्वतन्त्रताकी पक्षधर नारी हो । जीवन आफूले चाहे झैँ बाँच्न खोज्ने, कसैको दबाव वा हस्तक्षेप नचाहने यो फेसनप्रिय नारी पनि हो । शृङ्गारका सामान आफूखुसी प्रयोग गर्न पाउँदा उसमा गहिरो आत्मसन्तुष्टि देखिन्छ (पृ. ४८) । नारीप्रतिको परम्परित हस्तक्षेपी, हिंस्रक र दमनकारी समाजका कारण उसमा त्यसप्रति चरम घृणा र प्रतिशोधको भावना त छ नै साथै हरेकको आआफ्नो स्वअस्तित्वमा कसैले दखल पुऱ्याउनु हुन्न भन्ने अत्याधुनिक सोच पनि प्रबल पाइन्छ । यस्तै 'हरियो प्रेम'की श्यामवतीको "मेरो जीवनको गीत गाउन मलाई मात्र आउँछ । तपैंलाई तपैंकै जीवनको गीत गाउन आउँला (पृ.८६)" भन्ने भनाइले पनि हरेक व्यक्तिको फरक फरक स्वअस्तित्वकै वकालत गरेको छ । यसले विवाहित नारीले बाबुआमाको घर छाडेर आउन हुन्छ भने विवाहित पुरुषले पनि बाबुआमाको घर छाडेर आउन किन नहुने भन्ने नारीवादी तर्क गरेकी छ । यसको तर्क र व्यक्तित्वका अगाडि लोग्ने कायल पनि भएको छ । पितृसत्ताको

सचेत प्रतिरोध गर्न यो सक्षम पनि छ । साथै यसको हरियो घाँसप्रतिको प्रेमले वातावरणवादी नारीवादको पनि सङ्केत गरेको छ ।

समाजका पढेलेखेका सचेत र सम्पन्न नारीमा मात्रै नारीवादी चेतनाको सञ्चार नभई निम्नवर्गका औपचारिक शिक्षा नपाएका केही नारीमा पनि यस्तो भाव देखिन्छ । विपन्न वर्गका नारीको कथा खोज्न गएका लेखकलाई हाम्रो दुखपीडा तिमीलाई भनेर हामीलाई के फाइदा हुन्छ ? भनी उल्टै प्रश्न गर्ने नारीहरु वा भट्टीमा गई जाँडरक्सी धोक्ने लोग्नेलाई लाठो लगाएर लखेट्ने नारीहरुका व्यवहार (कथान्तमा) बाट त्यसलाई बुझ्न सकिन्छ ।

**'सेतो धरती' उपन्यासको पितृसत्तात्मक प्रवृत्ति र नारीवादी स्वर**

**पितृसत्तात्मक प्रवृत्ति**

*बाल, बहु र अनमेल विवाह* पितृसत्ताले नारी दमन र शोषण गर्ने एउटा माध्यम हो । यस उपन्यासको मुख्य समस्या पनि यही हो । पूजापाठ गर्ने बाहना बनाई झुक्काएर सात बर्से तारा र उसकी पाँच बर्से बहिनी कलाको एकै दिन एकै लगनमा बालविवाह गरिदिएका छन् । ताराकी साथी पवित्राको पनि बालविवाह नै गरिएको छ । रजोवती हुनुपूर्व नै विवाह गरिनु पर्छ भन्ने धार्मिक सांस्कृतिको आडमा पितृसत्ताले यस्तो नारीविरोधी परम्पराको विकास गरेको कुरा उपन्यासमा निकै महत्त्वका साथ देखाइएको छ । त्यस्तै "मर्दका दसोटी", "खुट्टा भए जुत्ता कति" जस्ता उखान विगतमा विकास गरेको नेपाली समाजको पितृसत्ताले एकै पुरुषका अनेक पत्नी भित्र्याएर उनीहरुको जीवन कहरपूर्ण तुल्याउँदै आएको छ । यस उपन्यासकी यमुनाको लोग्नेले पनि यमुनालाई चौथी पत्नीका रूपमा भित्र्याएको छ । अघिल्ला दुई मरेका थिए भने यमुना पनि मर्छे कि भनी ग्रह काट्न तेस्री भित्र्याइएको छ । तर उसलाई लोग्नेले पटक्कै माया गरेको छैन । निरस र कुण्ठित जीवन उसले बाँच्न वाध्य छ । यस्तै पढेलेखेको गोविन्दले घरकी पत्नीलाई वास्ता नगरी सहरमा उतैकी बिहे गरेको छ । यस्तै बाबुभन्दा दुई वर्ष जेठालाई पवित्रा दिइएको छ (पृ. १२३) भने ताराकै विधुर बाबु आफू चौवालिस वर्षको हुँदा एघार वर्षकी बालिका (सानी छोरीभन्दा पनि धेरै कान्छी) लाई विवाह गरेको छ । यस्तो अनमेल विवाहबाट पवित्रा बालविधवा भएकी छ भने ताराकी सौतने बालिका आमा र बाबुबिच पनि सम्बन्ध राम्रो हुन सकेको छैन । यमुना र उसकी जेठानीको उमेर पनि लोग्नेको भन्दा धेरै थोरै छ र बैंसमा नै उनीहरु विधवा भएका छन् । त्यस्तै ताराकी बहिनी र ताराकी घरतिरकी साथी मधुमाया दिदीको पनि अनमेल विवाह भएको छ । यस्तो बाल, बहु  र अनमेल विवाहका कारण उपन्यासका नारी चरित्रले निकै कहरपूर्ण जीवन भोग्न वाध्य छन् ।

*विधवा नारीका पीडा*पनि बाल र अनमेल विवाहका कारण उत्पन्न भएको छ । उपन्यासका तारा र पवित्राहरु बालविधवा भएका छन् भने कला र यमुनाहरु अधबैसे उमेरमै विधवा भएका छन् । लोग्ने मर्नु मात्रै उनीहरुको दुखपीडाको कारण नभई विधवा नारीप्रति पितृसत्ताले निर्माण गरेको सामाजिक सांस्कृतिक नकारात्मक सोचले उनीहरुको जीवन झनै कहरपूर्ण तुल्याएको पाइन्छ । जीवन साथी गुमाएर विधवा भएकीलाई उल्टै लोग्ने टोकुवी र अलच्छिना ठान्ने समाजको सोच छ । त्यसैले कुनै पनि शुभकार्यमा उसलाई प्रवेश नदिने, रुखो बचन लगाउने, राम्रो लाउन खान हुन्न भन्ने, ऊ उपस्थित भएको ठाउँमा कुनै अनिष्ट भइहाल्यो भने त्यही अलच्छिनाका कारण भएको मान्ने मनोवृत्ति समाज र संस्कृतिमा छाएको छ । त्यसैले ताराले माइतबाट देवघाट आउँदा भेटिएका सहयात्री कसैलाई केही नहोओस् भनेर मनमनै कामना गरेकी छ (पृ. २३७-२३८) । त्यस्तै विधवीले मनलाग्दी खाएर पुष्टिए भने पोइला जान्छन् भनी पेटभरी खान नदिने (पृ.१४२), अरूको दया र करुणाकी पात्र भएर बस्नु पर्ने, जिउँदै मरेजस्तो भएर रहनु पर्ने (पृ. ९२), सधैँ अरूको चाकरी गरी बाच्नु पर्ने (पृ. १०१), बोल्दा, व्यवहार गर्दा धेरै कुरा ख्याल राख्नु पर्ने, लोग्नेसँग सहयात्रा, सहकार्य, सहवास र सहभोग केही पनि नभए पनि आजीवन उसकै नाममा सेतो वस्त्र धारण गरिरहनु पर्ने, लोग्नेको मृत्युपछि सिन्दुर, पोते, चुरा सबै खोसिने, राम्रो लाउन र मिठो खान मात्रै नभई रङ्गीन सपना देख्न पनि नहुने (पृ. २०९-२१०), जीवनभर एक्ली र निरिह भएर बाँच्नु पर्ने, ऊ बसेको छाहरीमा अरू बस्न पनि मन नगर्ने (पृ. २६५), उसको रूपदेखी अरू आकर्षित नहोउन् भनी टाउको मुडी वा शृङ्गारहीन भई बस्नु पर्ने (पृ. ३०५), मृत लोग्नेसँगको थर गोत्रको सम्बन्ध र उसले अज्ञात क्षेत्रबाट गरेको

निर्देशनबाट मुक्त हुन सन्यासिनी हुनु पर्ने (पृ. ३०९), त्यो पनि सजिलै हुन नपाइने (पृ. २५३) जस्ता अनेक विधवा नारीविरोधी सामाजिक सांस्कृतिक सोचका कारण उनीहरुको जीवन झनै कहरपूर्ण बनेको पाइन्छ । उपन्यासमा ताराको जीवन सन्दर्भबाट बालविधवाका यस्ता अनेक पीडाका रूपहरु केलाइएको छ ।

*छोराछोरीमा विभेद* पनि पितृसत्ताको अर्को प्रवृत्ति हो । पितृसत्ता पुलिङ्गीय पक्षधरतामा अडेको हुँदा एकै आमाका सन्तान भए पनि छोरालाई बढी महत्त्व दिई छोरीलाई विभेद गर्ने परम्परा छ । सन्तान छोरै होओस्, छोरी नहोओस् भन्ने चाहना आमाकै देखिन्छ किनभने छोरी भएर जन्मेपछि समाजमा पितृसत्ताको शोषण, दमन र उत्पीडन सहनु पर्छ । त्यसैले पनि ताराकी आमा र ताराले आमाबाट अब जन्मने सन्तान छोरै होओस् भनेर पुकारा गरेका छन् (पृ. १२६-१२७) । ताराकी आमाले बालविधवा छोरीलाई सम्झउँदै भनेकी छन्- "छोरीको जातले सअनुपर्च नि नानी ! जस्तो पनि भोउनुपर्च । छोरी धर्ती हुन सक्नुपर्च (पृ. १०४) ।" तर छोरालाई यस्तो सहनशील बन्नु पर्दैन । स्वास्नी मरी भने केही समयमै अर्की छोरीभन्दा कलिली स्वास्नी भित्र्याउने छुट छ । नारीलाई जस्तै आजीवन विधवा बन्नु पर्ने वाध्यता छैन । ताराकै बाबुको व्यवहारबाट यी कुरा देखिएका छन् । उसले छोरीहरुको ५/७ वर्षमै विवाह गरिदिएको छ तर १४ वर्षको छोराको विवाह गरिदिन पऱ्यो भनी ताराले भन्दा अहिले केको हतार, पढ्दै छ पढोस् न भनेको छ । उसैको उमेरकी केटी खोज्दा छिप्पिएकी केटी भनेर तर्काउन खोजेको छ । ४४ बर्से विधुर आफूले ११ बर्से बालिकासँग विवाह गरेको छ । यस्ता लैङ्गिक विभेद उपन्यासमा प्रशस्तै देखिएका छन् ।

*बुहार्तनको पीडा* पनि पितृसत्ताकै आडमा विकसित नारी शोषण हो । यसमा नारी (सासू) नै नारी (बुहारी) का पीडक बनेका बढी पाइन्छन् । उपन्यासमा बालविधवा बुहारीले पैसा चोर्छे वा चोर्दिन विचार गर्न गाग्रीमा सिक्का राख्ने, भान्साको छेउकुना पोत्छे या पोत्तिन भन्ने जान्न सियो गाडेर राख्ने जस्ता कामताराकी सौतने सासूले गरेकी छ । त्यस्तै सुत्केरी सासूको चाकडीमा पनि तारा नै खट्नु परेको छ र पनि अनेक रुखा बचन सहनु पर्ने र खान पनि अड्कलेर दिने गरेको देखिन्छ । मधुमायाकी सासू अझ बढी बुहारी पीडक भएको बुझिन्छ । उसले तारासँग भनेकी पनि छ- "सासूहरु सप्पै उस्तै हुन्छन् तारा, उँदो बगार उँभो खोज्नी जस्ता निर्दयी (पृ.१०७) !"

*नारीजीवनका अनेक जटिलता* पितृसत्तात्मक समाजमा पाइन्छन् । नारीलाई दोस्रो दर्जाकी मानिस ठानिने हुँदा उसका पाइलैपिच्छे समस्या उत्पन्न हुन्छन् । जस्तै प्रसूति पीडा, सन्तान जन्माएपछि उसको स्याहार सुसार, घरधन्दा, पर्याप्त पोषणको अभाव, विपन्नता, टुहुरा बालिकाहरुको विद्रूपता आदि । उपन्यासमा यस्ता सन्दर्भहरु पनि प्रसङ्गवश आएका छन् । ताराकी आमाले तारा जन्माउँदा ब्यहोरेको प्रसूति पीडा, दुई सन्तान जन्माएपछि बैसमै बुढी देखिएकी मधुमाया दिदीको अवस्था, ताराकी बहिनीको अवस्था, छोराछोरीसहित दयाको भिख माग्दै आएकी नारीलाई यमुनाले बासी भात तताएर दिएको प्रसङ्ग (पृ. १८४) आदिले त्यसको पुष्टि गर्छन् । यस्तो परिस्थिति एकातिर छ भने अर्कातिर पितृसत्ताले नारीको मूल्य भनेकै शारीरिक सुन्दरता ठान्ने सोच छ । भनिएको पनि छ- "उमेर र सन्तान यी दुई चिजले खाएको शरीर लोग्ने मान्छेहरुका लागि प्रिय रहँदैन (पृ.३३७) ।" अर्कोतिर आमा, पत्नी र बुहारी भएर बाँच्नुको पीडा पनि उस्तै मार्मिक छ । जस्तै-

> मध्य रात भएको छ । एकातिरबाट दूधे बालक भोकले व्याकुल भएर देब्रेस्तन चुसिरहेको हुन्छ । अर्कोतिर पति कामातुर भएर दाहिने स्तन गिजोलिरहेका हुन्छन् । पल्लो कोठाबाट बूढा र रोगी ससुरा खोकिरहेका हुन्छन् । अनि कराउँदै भन्छन्- बुहारी तातो पानी तताइदे (पृ. ३३९) ।

*सामाजिक सांस्कृतिक थप विभेद* पनि यहाँ रहेका छन् । तिनले नारीजीवनलाई निकै कहरपूर्ण बनाएका छन् । जस्तै- रजोवतीपूर्व नै छोरीको विवाह गरिदिनु पर्ने नत्र अपवित्र भएकी ठानिने (पृ. १७७), रजोवती हुँदा एक हप्तासम्म पुरुष र सूर्य हेर्न नहुँने (पृ. १४०), जोतिसेका मनगणन्ते कुरा पत्याउने (पृ. १०४), दुलही भएर भित्रिँदा लडेर चुरा फुटेकोलाई भावी अनिष्टका रूपमा लिने (पृ.४२), लोग्ने मरेर आजीवन विधवी भएर बसेकीलाई अझ पोइटोकुवी (पृ. १०९), अलच्छिना, बोक्सी आदि भन्ने, उसलाई देखे साइत बिग्रने ठान्ने (पृ. १४८), छोरीले पढेलेखे ती पोइला जाने, बोक्सी हुने, बहुलाउने ठान्ने (पृ. ३९ र ६९), छोरीलाई घरेलु धन्दामै सीमित राख्ने, त्यसको कुनै मूल्य नठानिने (पृ. ६९), विधवीले खाएर पुष्टिए भने पोइला जान्छन् भन्ने (पृ.१४२) र खान नदिने, पुरुषको

ग्रहकाट्न नारी (यमुनाकी सौता) ले आफ्नो जीवन समर्पित गर्नु पर्ने (पृ.१७८), जन्मने छोरो नमरोस् भनी पाँच र सात वर्षका दुबै छोरी (तारा र उसकी बहिनी कला) को एकै लगनमा विवाह गरेर पठाउने, लोग्नेको खुट्टाको जल खानु पर्ने, लोग्नेले खानुपूर्व स्वास्नीले खान नहुने जस्ता प्रशस्त गलत अन्धविश्वास र अतार्किक नारीविरोधी सामाजिक सांस्कृतिक मान्यताले नारीजीवनलाई निकै दुखी तुल्याएको पाइन्छ ।

***नारीवादी स्वर*** पनि यस उपन्यासमा केही आएको छ । यस क्रममा नारीविरोधी पितृसत्ताको विरोध पनि यसमा रहेको छ । त्यसैले यसले समाजको बाल, बहु र अनमेल विवाहलाई देखाउने मात्रै काम गरेको छैन त्यसको परिणति नराम्रो देखाएर त्यसको विरोध पनि गरेको छ । रजोवतीपूर्व नै विवाह गरिदिनु पर्छ भन्ने धार्मिक संस्कारका आडमा अबोध बालिकाहरुको विवाह गरिदिँदा उनीहरुले बाल्यकालको स्वतन्त्रता मात्रै नगुमाई कतै आजीवन बालविधवा भएर (जस्तै, तारा र पवित्रा), कतै आजीवन लोग्नेबाट उपेक्षित भएर (जस्तै यमुनाकी सौता र गोविन्दकी गाउँकी पत्नी) र कतै असमान (केटो धेरै बुढो) उमेरका कारण कुण्ठित भएर (जस्तै ताराकी बालिका आमा) बस्नु परेको छ । नारीको यस्तो दुरवस्था निम्त्याउने त्यस्ता कार्यको ताराले स्पष्ट रूपमा असन्तोष र विरोध जनाएकी छ भने पवित्राले त विद्रोह नै गरेकी छ ।

*विधवा विवाहको स्वीकृति* पनि यसमा छ । उपन्यासमा तारा, पवित्राहरु बालविधवा भएका छन् । तारा परम्परित पितृसत्ताले निर्देशन गरे अनुसार नै आजीवन विधवा भएर रहेकी छ तर ऊ मानसिक रूपमा भने त्यस्तो जीवनबाट सन्तुष्ट छैन । बारम्बार उसलाई लोग्नेको अभाव खड्किन्छ र कल्पनामा अनेक पुरुष (गोविन्द, युवक साधु, स्वामी) सँग विचरण गरिरहेकी हुन्छे । पवित्राले त पितृसत्ताको निर्देशन उल्लङ्घन गरी विभिन्न पुरुषहरुसँग प्रत्यक्ष सहवास नै गर्छे । वेश्यावृत्तिबाट धेरै सम्पत्ति पनि जोर्छे । सन्तान पनि जन्माउँछे । तर लोग्ने निर्धारण गर्दिन । आफ्नो छोरीलाई सक्षम बनाएपछि ऊ जीवनको उत्तरार्द्धमा देवघाटमा आध्यात्मिक जीवनमा तनमन केन्द्रित गरेर लाग्छे । उसको अध्यात्मप्रति समर्पित जीवन देखेपछि तारालाई पनि लाग्छ मैले आजीवन विधवा रहनु नै ठुलो भुल गरेछु । यसरी उपन्यासमा सोभै विधवा विवाहको स्वीकृति नदेखिए पनि आजीवन विधवा रहेका नारीजीवनको अर्थहीनता देखाएर विधवा विवाहको स्वीकृतिमा अप्रत्यक्ष सम्मति जनाएको पाइन्छ । यस सन्दर्भमा ताराको निम्न भनाइ महत्त्वपूर्ण छ-"सेतो फूलको सृष्टि कहाँ रोकेका छन् र भगवान्ले, प्रकृतिले । तर कृत्रिम सेतो बनाएर किन रोकियो एउटी स्त्रीको सृष्टिलाई (पृ. २७१) ?"

*धर्मसंस्कृतिको आलोचना* पनि उपन्यासमा प्रसङ्गवश देखिएको छ । विशेष गरी रजोवती हुनुपूर्व नै छोरीको विवाह गरिदिनु पर्ने, विधवा नारीले कठोर अनुशासनमा बस्नु पर्ने जस्ता धर्मसंस्कृतिका नाममा हुने नारीशोषणको विरोध त यहाँ छ नै त्यसबाहेक जीवनको प्राकृतपनलाई नाश गर्ने अन्य धर्मसंस्कृतिको पनि यहाँ प्रशस्त आलोचना गरिएको छ (पृ.२१०)।आफ्नो बालविधवाको स्वरूप सम्झदै ताराले ईश्वरको विवेक सामर्थ्यमाथि पनि प्रश्न उठाएकी छ । "तिमीले ठिक समयमा ठिक निर्णय गर्न सकेनौ ईश्वर ! मैले सोचे जति पनि सोच्न सकेनौ तिमीले (पृ. २४४) ।" त्यस्तै नियतिले आफूलाई कुज्याएको ठानेकी छ । जस्तै- "नियतिले सधैं मलाई आँखामा पट्टी, मुखमा लगाम र खुट्टामा टाप लगाइदिएर चाबुकले मेरो पिठ्युँमा पिट्दै खेदिरह्यो (पृ. २२८) ।"

उपन्यासमा धार्मिक क्षेत्रका कहलाएका गुरुहरु, स्वामी, साधुहरु पनि यौनकुण्ठाबाट मुक्त छैनन् । उनीहरु पनि अवस्था विशेषमा च्युत हुने गरेका छन् भन्ने कुरा पनि देखाइएको छ (पृ. २५५, २५६, २६१) । यस्तै बनारसी ब्रह्मचारी साधुले पवित्रासँग लसपस गरेको, पवित्राले यौनधन्दा अपनाएपछि उसकहाँ समाजका कहलाएका उद्योगी, व्यापारी, नेता, लेखक, विद्यार्थीहरु आउने गरेका जस्ता प्रसङ्गले हाम्रो धर्मसंस्कृति र परम्परा भित्रभित्रै मक्किँदै गएको सङ्केत गरिएको छ । त्यसबाहेक पवित्राको सबै कुरा थाहा पाएका स्वामीले पैसा र उसले विकास गरेको क्षमताका बलमा उसलाई स्वीकार्नुले परम्परित रुढ धर्मसंस्कृतिको औचित्य समाप्त हुँदै गएको पनि देखाउँछ । यसको थप पुष्टि ताराले आजीवन बिताएको विधवा जीवनको अर्थहीनता देखाउनुबाट पनि हुन्छ ।

*नारी अस्तित्वको बोध* नारीवादी लेखनको निकै महत्त्वपूर्ण पक्ष हो । पितृसत्ताले नारीलाई सदा पराश्रित प्राणीका रूपमा वा पुरुको उपभोग्याका रूपमा लिने भए पनि यहाँका कतिपय नारीले त्यसको टड्कारो प्रतिरोध गर्नुका साथै आफ्नै विवेक र क्षमताले समाजमा सानसँग बाँच्न सक्ने व्यक्तिका रूपमा आफूलाई प्रस्तुत गरेका छन्

। ताराले लोग्ने गाउँको सम्पन्न परिवारकै भए पनि उनी मरेपछि त्यसको आस नगरी माइत आएकी छ । त्यहाँ आफूले आमाबिनाका टुहुरा भाइहरु हुर्काएपछि सौतने आमाको घृणा र सास्ती सहेर बसेकी छैन । माइती कसैलाई थाहा नदिई सुटुक्क एक्लै देवघाट हिँडेकी छ । परम्परित धर्मसंस्कृति र समाजले आफूलाई न्याय नगरेको, आफ्नो भावना र क्षमतालाई कसैले बुझ्न नचाहेको, जबर्जस्ती बाहिरबाट विधवाको पहिरन थोपरेर आफ्नो मनभित्रको आकाङ्क्षालाई निमठेको, विधवा वस्त्र फ्याकेर हेरे आफू सधवा नारीभन्दा कुनै कुरामा पनि कम नरहेको, लोग्ने भए आफ्ना पनि भने जस्ता छोरा (पृ.२६५), नाति (पृ. ३६५) हुन्थे, सुखी गृहस्थी जीवन हुन्थ्यो भन्ने कल्पना गरेकी छ । रङ्गीन प्रकृतिमा आफूलाई रङ्गहीन इन्द्रेणी वा धरती बनाइएको (पृ. ७) भन्ने उसको गुनासो छ । आफ्नो भर्भराउँदो बैसको शरीर हेरेर ऊ आफै दङ्ग परेकी छ (पृ. १४३)। "मेरो प्रिय पुरुषले छुने हो भने कस्तो हुन्छ होला (पृ. १६१)" भन्ने कल्पना पनि गरेकी छ ।"तरुनी आइमाईहरुले जस्तै मैले पनि शृङ्गार गर्ने हो भने रङगीन लुगा लगाउने हो भने लाग्छ, यो समाजमा सबैभन्दा आकर्षक र सुन्दरी म नै देखिन्छु होला (पृ. २०९) ।"

पवित्रा प्रशस्त स्वअस्तित्व भएकी नारी हो । तारा र यो समकालीन हुन् । दुबै बालविधवा पनि पवित्रा बाल्यकालबाटै हिम्मतिली केटी हो । बालविधवा भएपछि यसले तारालाई पनि ब्रम्हचारी साधुहरुसँग बनारस जान आग्रह गरेकी थिई तर ताराले जाने निर्णय गर्न सकिन । पवित्रा एक्लै भए पनि गई । अनि आइलागेको परिस्थितिलाई सहजता साथ उपयोग गर्दै गई । त्यही क्रममा ब्रह्मचारीसँग प्रेम गरी भजन गाउन थाल्दा मीरा बनेकी छ । पछि त्यसबाट असन्तुष्ट भएर बाहिर गीत गाउन थाली र "यसै पनि रित्तिएर जाने बैंस बेचें (पृ. ३३२)" भन्दै स्तरीय वेश्यावृत्ति गरेर सम्पत्ति कमाउने काम गरी । त्यसपछि कसैको गर्भ बोकेर लोग्नेविनाको छोरी जन्माई उसलाई सक्षम तुल्याउने र आफू पनि बौद्धिक रूपमा समेत सक्षम बन्ने काम गरेकी छ । छोरी प्राध्यापन र गृहस्थी पेसामा लागेपछि यो नेपाल आएर देवघाटमा तनमनसहित गहिरो भक्तिभावमा लीन हुँदै गएकी छ । चेतनासहितको वाक् सामर्थ्य र सम्पत्ति भएपछि समाजका सबै प्रतिकूलता सजिलै पार गरिन्छ अनि शारीरिक भन्दा मनको शुद्धता महत्त्वको हो भन्ने सोचअनुसार यसले आफूलाई प्रस्तुत गरेकी छ र सफल पनि देखिएकी छ । समाजका गण्यमान्य सन्तमहात्माले मात्रै नभई तारा स्वयंले पनि आफ्नोभन्दा पवित्राको जीवन नै सफल र पवित्र देख्नुबाट पनि त्यसको थप पुष्टि हुन्छ । उपन्यासले पनि समयानुसार चल्न सक्ने यस्तै स्वअस्तित्व बोध सम्पन्न सक्षम नारीजीवनको अपेक्षा गरेको छ ।

*आत्मनिर्णयको पक्षधरता* वा अरूको बुद्धिमा राजा हुनुभन्दा आफ्नो बुद्धिमा जोगी हुनु निको भन्ने नेपाली उखानलाई यहाँका महत्त्वपूर्ण नारी पात्रले पनि आत्मसात गर्न खोजेका छन् । आफ्नो जीवन अरूको निर्णयले चलाउने होइन, आफ्नै निर्णयले चलाउन पाउनु पर्छ भन्ने सोच तारा र पवित्रामा पाइन्छ तापनि त्यसको टड्कारो रूप पवित्रामै देखिएको छ । बाबुभन्दा दुई वर्ष जेठो रोगी बुढासँग बालक कालमा बाबुले विवाह गराएर पठाएपछि एघार वर्षमै विधवा बनेकी पवित्राले त्यसपछिको जीवन आत्मनिर्णय अनुसार सञ्चालन गरेकी छ । ताराले झैँ बारम्बार आफूलाई बालविधवा बनाएर जिउँदो लासका रूपमा हेर्ने समाजलाई सरापेर त्यही समाजमा बसेकी छैन । युवा साधुसँग बनारस गएर आफ्नो जीवन आफूले चाहेझैँ भोगेकी छ । जीवनमा कुनै कुण्ठा पालेकी छैन । नैतिक भनाउँदो समाजलाई पनि उसले भित्रैबाट नियालेर उसको द्वैध चरित्रलाई देखाएकी छ । पैसाले सबै वशमा पार्न सकिने समाज व्यवस्थालाई चिनेर नै उसले शरीर बेचेरै भए पनि प्रशस्त पैसा कमाएकी छ । लोग्नेविनाको सन्तान पनि जन्माएर समाजमा उसलाई स्थापित गरेकी छ । आफूलाई पनि जीवनको उत्तरार्द्धमा प्रतिष्ठित धार्मिक व्यक्तिका रूपमा स्थापित गरेकी छ । ताराले भने देवघाट आउने र सन्यासिनी बन्ने निर्णय मात्रै आफूले गर्न सकेकी छ । कस्तो लोग्ने कहिले छान्ने र के कसरी घरगृहस्थी सञ्चालन गर्ने निर्णय आफूले गर्न नपाएकोमा उसको बारम्बार गुनासो र आक्रोश प्रकट भएको छ (पृ. ३०८) । देवघाट आउने निर्णय पनि उसले परिस्थितिको चापमा परेर गरेकी थिई । सौतने आमाको उपेक्षा र सास्ती व्यहोर्नु नपरेका भए त्यो निर्णय हुने थिएन । सन्यासी बन्ने निर्णय भने उसको भित्रैदेखि आएको निर्णय हो । त्यसमा वैराग्यभन्दा पनि अनुहारै नसम्झने लोग्नेको गोत्र र थरबाट मुक्त हुन गरिएको निर्णय थियो (पृ. ३०९) । मृतलोग्नेको हुकुम मान्नु पर्ने स्थितिप्रति उसको तीव्र आक्रोश प्रकट भएको छ । त्यसबाट तारा स्वनिर्णयअनुसार चल्न पाउनु पर्छ भन्ने पक्षमै रहेको स्पष्ट बुझिन्छ । जस्तै-

> मैले कसरी बाँच्नुपर्छ भनेर उनले स्वर्गबाट पनि मलाई हुकुम गरिरहेछन्, जसको पहरेदार भएको छ समाज । उनले स्वर्गबाट गरेको हुकुम मैले पालना गरेँ कि गरिनँ भनेर प्रत्येक क्षण निगरानी गरिरहन्छ समाज र संस्कारले (पृ.२१०) !

उपन्यासमा बालविधवा मेनुकाको कथा खासै ल्याइएको छैन तर उसले आत्मनिर्णय गरेर नै घर्तीसँग सौतामाथि पोइला गएकी भन्ने सङ्केत छ (पृ. ३४७) । त्यस्तै यमुना पनि लोग्ने मरेपछि छोराछोरी हुर्काएर आत्मनिर्णयद्वारा नै देवघाटमा आएर भक्तिमार्गमा लागेकी छ । नयाँ पुस्ताका युवायुवतीहरुमा आत्मनिर्णयको स्थिति अझ धेरै छ । पवित्राकी छोरी वा गोविन्दकी नाति र उसकी केटी साथी आत्मनिर्णयअनुसार नै चलेको देखाइएको छ । उपन्यासको मूल स्वर पनि व्यक्ति आफ्नो निर्णय गर्न स्वतन्त्र छ भन्ने नै पाइन्छ ।

*भोगपछिको वैराग्य* नै टिकाउ हुन्छ भन्ने यसको निष्कर्ष छ । जीवनमा भोगका आकाङ्क्षाहरु दबाएर वैराग्य मार्गमा लाग्दा कहिल्यै वैराग्यको अनुभूति हुन सक्तैन; बारम्बार विगतका कुण्ठाले त्यसलाई अवरोध गरिरहेको हुन्छ भन्ने ओशो दर्शन यहाँका पात्रहरुको व्यवहारबाट प्रकट भएको छ । यमुना र पवित्रा यौनभोगबाट तृप्त भएका हुँदा जीवनको पछिल्लो क्षणमा देवघाटमा रहेर उनीहरु गहिरो भक्ति वा अध्यात्मको अनुभव गरिरहेका छन् तर यौन कुण्ठाले भरिएकी तारा जति नै शारीरिक प्रयत्न गरे पनि आन्तरिक रूपमा स्थिर हुन सक्तिन । जीवनको उत्तरार्द्धमा पनि उसले बारम्बार रङ्गीन सपनाहरु देख्ने, सपनामा द्रौपदी बन्ने, विभिन्न इच्छित पुरुषहरुसँग विचरण गर्ने गरेकी छ (पृ. ३५८) । उसको भनाइ नै छ- "भोको मान्छेलाई कसरी वैराग्य आउँछ त ? वैराग्य आउन अघाउनुपर्छ । तृप्त हुनुपर्छ (पृ. २८८) ।" आदि ।

*नारी यौनकुण्ठाको बयान* पनि यहाँ तारा, यमुना, पवित्राहरुको जीवन सन्दर्भबाट देखाइएको छ । तारा सानैदेखि बाल्यकालीन साथी गोविन्दसँग आकर्षित थिई र जीवनको अन्त्यसम्म पनि उसले गोविन्दलाई नै सम्झेकी छ । उसको सम्पर्कमा आएका युवक साधु, स्वामी र भगवान कृष्णमा उसले गोविन्दलाई नै आरोपित गरी हेरेकी छ । बालविधवा यसमा प्रशस्त यौन अतृप्तिका कुण्ठाहरु छन् । यमुनाले आफ्नो लोग्नेसँग गरेका कुरा सुनी चरम आनन्दित वा स्खलित भएँ पनि भन्छे (पृ. १९४) । कृष्णले रुक्मिणी हरण गरेझैँ आफूलाई पनि हरण गरुन् वा कुन्तीलाई सूर्यले गर्भिणी बनाए झैँ आफूलाई पनि गराउन् जस्ता कल्पना गरेकी छ । त्यस्तै आँधीहुरीले आफ्नो सेता वस्त्र उडाएर आफूलाई निर्वस्त्र पारोस् भन्ने वा लाग्ने भएका भए मेरा यस्ता छोरा नाति हुन्थे भन्ने आँट पनि देखाएकी छ । लोग्नेमान्छेको गन्धले आफूलाई भगवान पनि बिर्साइदिन्छ, स्वादले त झन् केके बिर्साइदिन्छ (पृ. २६८) समेत भनेकी छ । त्यस्तै सपनामा गोविन्दसँग भेट हुने, त्यतिखेर छोराछोरीसहित घरगृहस्थी चलाएर बसेकी हुने कुरा पनि गरेकी छ (पृ. ३५८) । यसका यस्ता सबै व्यवहारले ऊभित्रको अभुक्त र अमुक्त यौनकुण्ठालाई नै सङ्केत गरेका छन् । बालविधवा पवित्रा र मेनुकाले भने यौनकुण्ठा पाल्न नपरोस् भनी आत्मनिर्णय गरी निकास निकालेका छन् । यमुना लोग्नेबाट तृप्त छ तर ग्रहकाट्न भित्र्याइएकी उसकी जेठानीले भने कुण्ठित जीवन बाँच्न वाध्य छ । यस्तो यौनकुण्ठाले नारीजीवन धेरै निरस, शुष्क र उद्देश्य प्राप्त गर्न असफल हुने कुरा दर्शाइएको छ ।

*विद्रोही स्वर* पनि उपन्यासमा केही प्रकट भएको छ । पितृसत्तात्मक धर्मभिरु समाजमा जन्मेहुर्केका भए पनि उपन्यासका महत्त्वपूर्ण नारी पात्रहरुले आफ्नो कहरपूर्ण जीवन भोगाइसँगै विद्रोही चेतना विकास गर्दै लगेको देखिन्छ । उपन्यासका बालविधवा तारा र पवित्रामा यस्ता कुरा प्रशस्त देखिएका छन् । ताराले समाजका अगाडि आजीवन विधवा भएर रहे पनि त्यसप्रति आफ्नो प्रशस्त असन्तोष र आक्रोश जनाएकी छ । ऊ लोग्ने मरेको घर ढुकेर बस्न वा ठुलाबडाकी भान्से बाहुनी भएर बस्न चाहेकी छैन । सौतने आमाको सास्ती र अपमान सहेर माइत पनि बसेकी छैन । ईश्वरले आफूलाई बालविधवा बनाएर न्याय नगरेको, जीवनको सहयात्री भनिएकोसँग सहयात्रा, सहकार्य, सहवास र सहभोग केही पनि नगरेपछि पनि उसैको दासत्व मैले किन भोग्नु परेको, मृत उसले स्वर्गवाट गरेको निर्देशन किन मान्नु परेको, समाजले मान्न वाध्य किन पारेको, बाल्यकालमा निदाएको बेलामा हालेको एक धर्को सिँदुरको मूल्य मैले यति धेरै किन तिर्नु परेको, सेती गाईलाई बर्सैपिच्छे फेरिफेरि बहर लगाए पनि त्यो पवित्र हुने, प्रकृतिमा सेता फुलहरु फक्रन फुल्न हुने तर विधवालाई कृत्रिम धर्मसंस्कार र परम्पराले किन रोक्ने, नारीले प्राकृतिक नियम अनुसार किन चल्न नपाउने, पशुपंक्षीको जत्ति अधिकार किन नपाउने जस्ता अनेक प्रश्न गरेकी छ

। यस्ता प्रश्नहरुको उचित उत्तर नपाएर नै अनुहारै नसम्भिने लोग्नेको थरगोत्रबाट मुक्त हुनैका लागि ऊ सन्यासी बनेकी छ । त्यसमा पनि अवरोध गर्न खोज्ने स्वामीप्रति आक्रोशित हुँदै "एउटी आइमाईले जननाको नाममा आफ्नो जीवन आफ्नो तरिकाले जिउन नपाउनूँ ? (पृ.३१०) भन्ने प्रश्न गरेकी छ । त्यस्तै आफ्नो शरीरमा बाहिरबाट थोपरिएको विधवा रूप भए पनि त्यसभित्रको शरीर र मन कहिल्यै विधवा नभएको जनाएकी छ । आजीवन ईश्वर भक्तिमा लागेकी नारीका यस्ता भनाइ र व्यवहार यथास्थितिप्रतिको एक किसिमको विद्रोह नै हुन् ।

पवित्राको विद्रोह त भन् टड्कारो छ । उसले धर्मसंस्कृति र परम्पराका विधानलाई पूरै लत्याएर हिँडेकी छ । समय परिस्थितिअनुसार बालविधवा, भक्तिनी, मीरा, अभिसारिका (वेश्या), वत्सला (आमा) र गङ्गेश्वरी (सिद्धनारी) बनेकी छ । सहजै "यसै पनि रित्तिएर जाने बैंस बेचें" (पृ. ३३२) भन्ने यसले स्तरीय वेश्यावृत्तिबाट प्रशस्त सम्पत्ति कमाएर आफू पनि सक्षम बनी परम्परा, धर्मसंस्कृतिको मुख टालेकी छ । लोग्ने निर्धारण नगरी छोरी जन्माएकी छ ( सेती गाईको लोग्ने नभए पनि बाछी भए जस्तै) । छोरीको उचित स्याहार सुसार गरी उसलाई सम्मानित जीवन बाँच्न सक्ने बनाएकी छ । आफू पनि गहिरो अध्यात्म चिन्तन सम्पन्न भई त्यस क्षेत्रमा पनि प्रतिष्ठित जीवन बाँचेकी छ । परिस्थितिसँग हिम्मतका साथ जुधेर कुण्ठामुक्त सफल जीवन जिएकी हुँदा ताराले यसको जीवन देखेसुनेर आफ्नो जीवनको अर्थहीनता बढी बोध गरेकी छ । । उपन्यासको मूल सन्देश पनि पवित्राकै गतिशील विद्रोही कर्ममार्फत प्रकट भएको छ (तर उसको वेश्यावृत्तिबाट सम्पत्ति जोड्ने काम भने हाम्रो समाजका सन्दर्भमा स्वीकार्य देखिन्न) ।

*बन्धन मुक्त खुला समाजको माग* पनि यहाँ आएको छ । पितृसत्तात्मक समाजको नारीविरोधी बन्धनयुक्त व्यवस्थाले नारीजीवन कहरपूर्ण भएको देखाएर त्यसको औचित्य नकार्नुका साथै बन्धनमुक्त खुला समाजको अपेक्षा वा माग उपन्यासमा गरिएको छ । आजीवन परम्पराको मार्ग अनुसरण गर्दै विधवा जीवन बिताएकी ताराले जीवनको अन्त्यतिर आफूले भोगेको त्यस्तो जीवनको अर्थहीनता स्वीकार्नुले नारीविरोधी पितृसत्ताको औचित्य सकिएको सङ्केत गरेको छ । त्यस्तै पवित्राले परम्परित धर्मसंस्कृति र समाजिक मान्यतालाई बेवास्ता गरी परिस्थितिका चुनौतीलाई आफ्नो निर्णय अनुसार सामना गर्दै गएर सफल जीवन बिताउन सकेकी देखिनुले नारीलाई आफ्नो विवेक र इच्छा अनुसार चल्न दिनुपर्छ भन्ने अभिप्राय आएको छ । अनि पवित्राको छोरी र गोविन्दका नातिसँग आएकी केटी साथीले अपनाएको स्वतन्त्र जीवन पद्धतिले पनि परम्परित बन्धनलाई नयाँ पुस्ताले अर्थहीन ठानी बन्धन मुक्त खुला समाजको विकास गर्दैछन् भन्ने सङ्केत गरेको छ । यतिमात्रै होइन, ताराले पशुपंक्षी र वनस्पतिमा देखिने प्राकृत जीवनपद्धति प्रकृतिकै अङ्ग बनेको मानिसमा किन लागू नगरिएको भन्ने प्रश्न गर्नु, पवित्राले घोषित लोग्नेविना नै छोरी जन्माई उसलाई विश्वविद्यालयमा प्राध्यापन गर्ने सक्षम नारीका रूपमा स्थापित गर्नु, जीवनको उत्तरार्द्धमा आफू पनि धार्मिक क्षेत्रमा प्रतिष्ठित नै बनेर बस्नु र नयाँ पुस्ताका केटीहरु आफै केटा साथी खोजेर हिँड्नु जस्ता कार्यले उपन्यासको अपेक्षित समाज भनेको लिङ्ग विभेदरहित अत्याधुनिक खुला समाज नै हो भन्ने देखाएका छन् । तर यसको प्राप्ति त्यति सजिलो छैन भन्ने कुरा पनि पवित्राको जीवन सङ्घर्ष र उसले भनेको देश स्वतन्त्र भए पनि व्यक्ति स्वतन्त्र हुन गाह्रो हुन्छ र अभ्र गाह्रो हुन्छ नारी स्वतन्त्र हुन (पृ. ३४३) भनाइबाट अभ्र स्पष्ट हुन्छ । निश्चय नै देश स्वतन्त्र भए पनि सामाजिक सांस्कृतिक रूपमा अभ्रै पनि आधुनिक बनिनसकेको समाजमा यस्तो अत्याधुनिक खुला/प्राकृत सोच व्यवहारमा ल्याउन त्यति सहज छैन । अनि कसैले ल्याइहाले भने पनि ती धेरैका लागि अराजक र अनैतिक वा छाडा भन्ने लाग्न सक्छन् ।

**दुबै उपन्यासको नारीवादी लेखनको तुलना**

**समानता**

न्यौपानेका दुबै उपन्यासमा नारी विरोधी पितृसत्तात्मक नेपाली समाजका नारी दासताको निरूपणका साथै नारीवादी स्वर प्रकट गरिएको छ । दुबैमा आर्थिक दृष्टिले पछाडि परेका नारीहरु पितृसत्ताद्वारा बढी पिल्सिएका छन् । दुबैमा मध्यम तथा उच्चमध्यम वर्गका केही नारीले परम्परित धर्मसंस्कृति र सामाजिक मूल्यमान्यतालाई पूरै बेवास्ता गरी आफ्नो इच्छा अनुसारको जीवन जिएका छन् । तिनले छोराछोरी हुन घरमा लोग्ने हुनैपर्छ भन्ने

कुरालाई पनि नकारेका वा सन्तान भए पनि लोग्ने निर्धारण नगरेर पूरै अराजक विद्रोही जस्ता पनि देखिएका छन् । दुबैमा धेरै नारी भोग गर्ने पुरुषको अनैतिक भोगवादी प्रवृत्ति देखिएको हुँदा त्यसैको प्रतिक्रिया स्वरूप सम्पन्न नारीले बहुपुरुष भोग्ने (वेश्याचरण) वा केटा खेलाउने गरेको पनि देखिन्छ । दुबैमा वेश्यावृत्ति पनि देखिएको छ तर पहिलोमा बदिनीहरु पेट पाल्न र दोस्रोमा पवित्राहरु सम्पत्ति कमाउन त्यस्तो पेसामा लागेका हुन् । दुबैमा नारीले आफूलाई बन्देजमा राख्ने पहिरन (बुर्का र विधवा भेस) प्रति चर्को विमति र आक्रोश पनि देखाएका छन् । त्यो पहिरन आँधीहुरीले उडाइदेओस् र आफूलाई नाङ्गै पारोस् भन्ने उनीहरुको कामनाले त्यही सङ्केत गरेको छ । दुबैमा नारीले लिङ्गभेदरहित स्वतन्त्र र खुला (स्वविवेकअनुसार चल्न पाइने) समाजको अपेक्षा गरेका छन् । दुबैमा यौनकुण्ठाग्रस्त नारीको चरित्रले महत्त्व पाउनुका साथै यस्तो चर्चा अतिरञ्जनात्मक पनि देखिएको छ ।

**भिन्नता**

माथि उल्लेख गरिएका कतिपय स्वर वा प्रवृत्तिमा समानता देखिए पनि दुबै उपन्यासमा ती फरक फरक विषय र सन्दर्भका साथ आएका छन् । तिनको प्रस्तुतिको घनत्व पनि दुबैमा समान किसिमको छैन । पहिलोमा धेरै समस्या उठाइएको छ तर त्यसलाई त्यति विस्तृत र घनत्वसहित प्रस्तुत गर्न सकिएको छैन भने दोस्रोमा थोरै समस्या उठाएर त्यसलाई पहिलोमा भन्दा केही विस्तारमा घनत्वसहित नै हेरिएको छ । यी कुराहरु तलको तालिकामा आएका दुबै उपन्यासका विषय सन्दर्भ र तिनकोतुलनात्मक विश्लेषणबाट अझ स्पष्ट हुन्छन् । जस्तै-

**पानीको घाम र सेतो धरती उपन्यासको भिन्नताको तालिका**

| आधार | पानीको घाम (२०६६) | सेतो धरती (२०६८) |
|---|---|---|
| उपन्यासको स्थान | मुख्यतः नेपालगन्जको सेरोफेरो | पहाड (लमजुङ, कास्की, तनहु) तराई ( चितवन) र भारत (बनारस) |
| उपन्यासको समय | २०६५ साल / समकालीन | १९९० देखि २०६८ पूर्व |
| विषय | विविध (गरिबी, जातीय र सीमावर्ती संस्कृति अनि सम्पन्नको स्वतन्त्रता पनि) | एकै विषयको निरन्तरता (समस्याग्रस्त नारीका जीवनचर्या) |
| विषयको केन्द्र | विविध, त्यसमध्ये एक नारीसमस्या | सुरुबाट अन्त्यसम्म नारीसमस्या |
| समाजको प्रकृति | बहुरङ्गी सहरको सेरोफेरो जसमा बहुजाति, धर्म (हिन्दू, मुसलमान) र संस्कृति, केही खुला प्रकृतिको | मुख्यतः गाउँ, एकै किसिमको धर्म(हिन्दू) संस्कृतिको वर्चस्व, बन्द प्रकृतिको |
| नारीको आर्थिक स्तर | धेरै निम्न, केही मध्यम र उच्चमध्यम | सबैजसो निम्नमध्यम तर केहीले पछि मध्यममा विकास गरेका |
| नारीको शैक्षिक स्तर | धेरै अशिक्षित तर परिवेशले सचेत बन्दै, केही शिक्षित र सक्षम पनि | सबैजसो अशिक्षित तर पछि केही स्वप्रयत्नले शिक्षित |
| मुख्य नारी पात्रहरु | प्रशस्त (लालमती, सुन्दरी, माया गुरुङ, प्रेमपता, शवनम, शितल, इतवरिया, जेलिन्दा, सीता आदि) | सीमित (तारा, पवित्रा, यमुना, बालिका आमा) |
| नारीशोषणको मुख्य आधार | गरिबी र दुर्व्यसनी लोग्ने | परम्परा, धर्मसंस्कृतिका आडमा दमनकारी पितृसत्ता |
| मुख्य नारीसमस्या | पुरुषको भोगवादी मानसिकताका आडमा विकसित नारीहिंसा र बलात्कार | पितृसत्ताका आडमा विकसित बाल, बहु र अनमेल विवाह अनि बालविधवाका समस्या |

| | | |
|---|---|---|
| नारीसमस्याको घनत्व | धेरै किसिमका नारीसमस्याहरु (विपन्नता, पुरुषको हिंस्रक व्यवहार वा बलात्कार, घरेलु हिंसा, छोरी जन्माएकी भनी तलाक, मुसलमान नारीका समस्या, वेश्यावृत्ति आदि) उठाइएका तर गहिराइका साथ अनेक कोणबाट नहेरिएको | थोरै नारीसमस्याहरु (बाल, बहु र अनमेल विवाह अनि विधवा समस्या) उठाएर अनेक कोणबाट वा बढी गहिरिएर हेरिएको |
| नारीको प्रतिरोध | राम्रै देखिएको किनभने नारी विपन्न भए पनि जड्याहा लोग्नेलाई भट्टी पसलमै लाठो लगाएर लखेटेकी, बसमा आफूलाई जिस्क्याउने केटाहरुलाई प्रतिक्रियाहीन हुने गरी दुत्कारेकी, मध्यम तथा उच्चमध्यम वर्गका नारीले आफ्नो रुचिअनुसारको केटा छानेका, बुर्काभित्रका नारीले पनि पर्दाप्रथाप्रति तीव्र असन्तोष देखाएका | थोरै देखिएको किनभने पवित्रामा मात्रै त्यो टड्कारो रहेको, तारामा मनमा भए पनि व्यवहारमा ल्याउन नसकेकी |
| नयाँ पुस्ताप्रति आशा | विपन्नता र अशिक्षाका कारण खासै नदेखिएको, | देखिएको, लैङ्गिक विभेद नमान्ने, उनीहरु अत्याधुनिक खुला समाजका पक्षधर, |
| पितृसत्ताका नारी दासताहरु | पुरुषको उपभोग्या वस्तु बनाइनु, घरेलु हिंसा, नारीजीवनको दयनीय विद्रूप अवस्था, नारी नै नारीका पीडक, पुरुषको दम्भ आदि | बाल, बहु र अनमेल विवाह, विधवा नारीप्रतिको निष्ठुरता, छोराछोरीमा विभेद, बुहार्तनको पीडा, नारीजीवनका थप जटिलता, सामाजिक सांस्कृतिक थप विभेद, |
| नारीवादी स्वर | पितृसत्ताको अनुशासनको उल्लङ्घन, पितृसत्ताका दासताहरुप्रति असन्तोष र आक्रोश, नारी अस्तित्वको खोजी, पूर्ण व्यक्ति स्वत्रन्ताको पक्षधरता, विपन्न र अशिक्षित नारीहरु पनि स्वअधिकारप्रति सचेत । | परम्परित बाल, बहु र अनमेल विवाहप्रति विमति, विधवा विवाहको स्वीकृति, नारीविरोधी धर्मसंस्कृतिको आलोचना, नारी अस्तित्वको बोध, आत्म निर्णयको पक्षधरता, भोगपछिको वैराग्यको वकालत, यौनकुण्ठाको बयान, विद्रोही स्वर र बन्धन मुक्त खुला समाजको माग । |

**तालिकाको विश्लेषण**

न्यौपानेका 'पानीको घाम' र 'सेतो धरती' उपन्यास दुई वर्षको अन्तराल (क्रमशः २०६६ र २०६८) मा प्रकाशित भए पनि तिनले समेटेको स्थान र समय भिन्न भिन्न छ । पहिलोले मूलतः नेपालगन्ज सहरको सेरोफेरोमा रहेकाविभिन्न  जात, जाति, वर्ग र समुदायका मानिसहरुको समकालीन समस्या र उनीहरुको जीवनचर्यालाई विषयवस्तु बनाएको छ भने दोस्रोले पहाड (लमजुङ, कास्की, तनहु) तराई (चितवन) र भारत (बनारस) को स्थानगत र १९९० देखि २०६८ पूर्व (लगभग आठ दशक) सम्मको कालगत व्यापक परिवेश समेटी समस्याग्रस्त बनी पहाडबाट तराई र भारतसम्म पुगेका विधवा नेपाली नारीका जीवनचर्याका आरोह र अवरोहलाई विषयवस्तु बनाएको छ । तर यसको पनि खास केन्द्रीय स्थान भने तनहुँ र चितवनबिच रहेको नौ नदीको सङ्गम स्थान देवघाटकै सेरोफेरो हो । त्यही रहेकी विधवा वृद्ध ताराले आफ्नो बाल्यकाल, बाल्यकालमै भएको आफ्नो विवाह, त्यसको लगत्तै आफू विधवा भएर व्यहोरेका घर र माइतका अनेकन हन्डर, त्यो थेग्न नसकी देवघाटमा शरण लिएको कथा, आफूसँगैका अरू साथीहरुको कथा, तीमध्ये कतिपयले बाल, बहु र अनमेल विवाहका कारण व्यहोरेका

दुर्दान्त कथाहरु, कतिपय भारतमा गएर फरक किसिमले जीवन बिताउन थालेका, तिनले शिक्षा र आर्थिक स्थिति सुधारेपछि तिनीहरुको जीवनमा धेरै ठुलो परिवर्तन देखिएको, समाज ती राम्रै प्रतिष्ठित पनि बनेका तर आफू परम्परित रीति संस्कृतिको अनुयायी बनेर कुण्ठित जीवन मात्रै बाँच्नु परेको जस्ता कुरा गरेकी छ । ताराको आत्मकथा नै यसको मूल विषय बनेको छ । यसमा समस्याग्रस्त नारीका जीवनचर्याहरुकै बयान रहेको हुँदा यो एकै विषयको निरन्तरतामा अगाडि बढेको छ तर पहिलोमा बहुविषयको उपयोग छ । त्यहाँ मुख्यतः सीमान्तकृत समुदायको गरिवीको कथा भए पनि त्यो विभिन्न जाति, धर्म, संस्कृति सापेक्ष बनेर आएको छ । नेपाल भारतको सीमावर्ती क्षेत्रको परिवेश हुँदा त्यहाँका विपन्नहरुको आफ्नै किसिमका कमाउने धन्दा र जीवनचर्याहरु देखिएका छन् । सीमावर्ती संस्कृति नै फरक देखिएको छ । भारतीय आहार विहार, भेषभूषा, भाषाशैली, सोचाइ, जीवन पद्धति वा संस्कृतिको प्रत्यक्ष प्रभाव त्यहाँ पाइन्छ ।

पहिलोमा विविध विषय भए पनि एउटा मुख्य विषय नारी समस्या हो तर दोस्रोको मुख्य विषय नै नारी समस्या हो । पहिलोका १९ वटा कथामध्ये पाँचवटा (कथान्त, हिँडिरहेको बाटो र कुरिरहेको रुख, साटिएको फूल, रिमिक्स अनि नदीको गति र किनारको नियति) मा नारी समस्या नै मूल विषय बनेको छ भने अरू पाँचवटा (ऊ असुरक्षा माग्छे, अस्तित्व दाबी, ईश्वरसँग मुद्दा, हरियो प्रेम र दृष्टिकोण) मा नारी समस्या कथाको मूल विषय नबनी सहायक बनेको छ । अन्यमा सामान्य प्रासङ्गिक मात्रै रहेको छ । पहिलो नेपालगन्जको सहरी परिवेशमा आधारित हुँदा त्यहाँको समाज बहुजाति, बहुधर्म (हिन्दू, मुसलमान), बहुवर्ग र बहुसंस्कृतिको हुँदा यहाँको समाज अपेक्षाकृत खुला प्रकृतिको छ तर दोस्रो मूलतः पहाडको गाउँ र धार्मिक स्थल (देवघाट)मा केन्द्रित हुँदा त्यो एकै किसिमको हिन्दू धर्म, संस्कृति र परम्परामा आधारित छ । त्यसैले यो अपेक्षाकृत बन्द प्रकृतिको छ । त्यही भएर पनि पहिलोका अशिक्षित र विपन्न नारीहरु पनि दोस्रोका तुलनामा बढी सचेत छन् । पुरुषको ज्यादतीको प्रतिरोधमा पनि ती अग्रसर पाइन्छन् (जस्तै- कथान्तका लालमती, भट्टी पसलको लोग्नेलाई लाठोले खेद्ने नारी, अस्तित्वको दावीकी बसकी केटी आदि) तर दोस्रोका नारीहरु मनमा असन्तोष र कुण्ठा पाले पनि प्रत्यक्ष प्रतिरोध गर्न अग्रसर खासै देखिन्नन् । तारा नै त्यसको ज्वलन्त उदाहरण हो । उसले विधवा पवित्राको गतिशील जीवन देखेपछि आफूले अनुसरण गर्दै आएको विधवाको परम्परित जीवन पद्धति अर्थहीन ठाने पनि व्यवहारमा देखाउन सकेकी छैन । तर भारतको सहरी परिवेशमा पुगेर स्वप्रयत्नले शिक्षित र आर्थिक रूपमा सबल बनेका पवित्रा जस्ता नारीले भने आफ्नै किसिमले पितृसत्ताको प्रतिरोध गरेका छन् ।

आर्थिक दृष्टिले हेर्दा पनि पहिलोमा निम्न वा सीमान्तकृत वर्गका नारी धेरै भए पनि मध्यम र उच्चमध्यम वर्गका नारीहरु पनि देखिन्छन् तर दोस्रोमा निम्नमध्यम वर्गकै बढी छन् । पछि केहीले मध्यम वर्गमा विकास गरेका छन् । आर्थिक दृष्टि सबल दुबै उपन्यासका नारी भने पितृसत्ताको परम्परित दासतालाई नस्वीकारी स्वतन्त्र यौनाचरणमा समेत अग्रसर छन् । पहिलोकी जेलिन्दा (रिमिक्स कथा) र दोस्रोकी पवित्राको जीवनचर्याबाट यो देखिएको छ । पहिलोमा नारीवादी दृष्टिले उल्लेखनीय पात्र प्रशस्त देखिएका छन् तर दोस्रोमा सीमित छन् । पहिलोमा नारी शोषणको मुख्य आधार गरिबी र दुर्व्यसनी लोग्ने देखिएका छन् । दुर्व्यसनी पुरुषको भोगवादी मानसिकताले घरेलु हिंसा, बलात्कार जस्ता अनेक समस्या नारीले व्यहोर्नु परेको छ । दोस्रोमा परम्परा, धर्म, संस्कृति, अर्थव्यवस्था जस्ता कुराका आडमा विकसित नारीपीडक पितृसत्ता नै नारीशोषणको मूल आधार बनेको छ । यसैका आडमा समाजमा बाल, बहु र अनमेल विवाहका साथै बालविधवाका समस्याहरु देखिएका छन् ।

नारीका धेरै समस्याहरुको उठानका दृष्टिले पहिलो बढी महत्त्वको देखिएको छ भने सीमित समस्या उठाए पनि त्यसलाई अनेक सन्दर्भले गहिराइका साथ निरूपणका दृष्टिले दोस्रो बढी महत्त्वको देखिएको छ । त्यस्तै पहिलो नारी समस्यामा मात्रै केन्द्रित नभई अन्य समस्यातिर पनि फिँजिएको छ तर दोस्रो मूलतः नारी समस्यामै केन्द्रित छ । त्यसैले नारीवादी लेखनका दृष्टिले दोस्रो नै बढी महत्त्वको बनेको छ ।

**प्रस्तुतिका सीमा**

उपन्यासमा विभिन्न घटनाप्रसङ्गहरुको प्रस्तुति स्वाभाविकै भए पनि केही ठाउँमा अयथार्थ वा स्वैरकाल्पनिक जस्ता लाग्ने पनि पाइन्छन् । जस्तै- 'सेतो धरती'मा ताराको सानो भाइले कुकुरको दुध खानु, गोठको गाईलाई आमाको रूपमा कल्पना गरी त्यसरी नै व्यवहार गर्न खोज्नु, ताराले सम्भोगरत बाँदरलाई हानेपछि बाँदले तारालाई दुई झापड हान्नु जस्ता प्रसङ्ग स्वैरकाल्पनिक वा बढी भावुक देखिन्छन् । त्यस्तै बालविधवा तारा देवघाटमा रहेपछि पनि बारम्बार आफ्नो तरुनो शरीर देखेर मुग्ध हुनु, बारम्बार यौनकुण्ठा प्रेरित कामहरु गर्नु, लेखनमा त्यही पक्षलाई बढी उजागर गरिनु, पवित्राको चरित्रमा पनि बढी नै अस्वाभाविक परिवर्तन देखाउनु, वेश्याहरु पनि भक्ति वा आध्यात्मिक क्षेत्रमा सजिलै स्थापित हुन सक्ने बनाउनु जस्ता कुरा सामाजिक यथार्थ कम र लेखकको आत्मयथार्थ बढी हुन् जस्ता देखिएका छन् । 'पानीको घाम'का इतवरिया, जेलिन्दा र सुन्दरी जस्ता पात्रको चरित्र निर्माणमा पनि उनीहरुको नारीवादीभन्दा भोगावादी प्रवृत्ति बढी देखाइएको छ । त्यसैले नारीजीवनको केन्द्रीयतामा निर्माण भएका उनका उपन्यास कतिपय ठाउँमा नारीपक्षधरताका दृष्टिले त्यति दरो देखिन्नन् । सायद प्रथम पत्नीसँगको असफल जीवन भोग्नु नपरेर यौनकुण्ठामुक्त जीवन बाँच्न पाएका भए ( https://www.onlinekhabar.com/2018/04/670692) ती ठाउँमा यौन प्रेरक सन्दर्भहरुभन्दा पितृसत्ताले पिल्साएको नारीजीवनका अन्य गम्भीर सन्दर्भ बढी आउन सक्थे किनभने उपन्यासका नारीहरुमा त्यो पक्ष गहिरिएर हेर्ने प्रशस्त ठाउँहरु देखिएका छन् तर यहाँ तिनलाई सामान्य सङ्केत गरेर छाडिएको छ । यसलाई नारीवादी कोणबाट हेर्दा पुरुष लेखकको लिङ्गीय संस्कार वा आत्मयथार्थ (न्यौपाने, २०६६, पृ.१९२)का सीमा मान्न सकिन्छ ।

**निष्कर्ष**

अमर न्यौपानेका 'पानीको घाम' र 'सेतो धरती' उपन्यासका बारेमा माथि गरिएको तुलनात्मक अध्ययनबाट के स्पष्ट हुन्छ भने पहिलो शिल्पका दृष्टिले प्रयोगशील आख्यान भए पनि यसको नारीवादी पठन पनि एउटा महत्त्वपूर्ण पक्ष बनेर रहेको छ । विशेष गरी एकै भूगोलका विभिन्न कथाहरु आपसमा अन्वित भई यसले उपन्यासको संरचना ग्रहण गरेको छ तर दास्रो कृति परम्परित औपन्यासिक ढाँचाकै छ । पहिलोका १९ कथामध्ये पाँचवटा मात्रै नारीकेन्द्री छन् भने पाँचवटामा नारी समस्या सहायक विषयका रूपमा आएको छ । दोस्रो भने आद्यान्त नारी समस्यामै केन्द्रित रहेको छ । पहिलोका अपेक्षा दोस्रोको देशकाल र परिवेश व्यापक छ तर पहिलोमा जस्तो बहुरङ्गी समाज भने चित्रित छैन । विभिन्न जाति, संस्कृति र वर्गको स्थिति रहेको हुँदा पहिलोमा नारी समस्या पनि धेरैआएका छन् तर दोस्रोमा मूलतः विधवाकै समस्या केन्द्रमा रहेको छ । एकै समस्यामा केन्द्रित रहेको हुँदा दोस्रोमा पहिलोको अपेक्षा समस्याको प्रस्तुतिमा विस्तृतता र गहनता बढी देखिएको छ । नारीजीवनको सङ्कट र सङ्घर्षलाई वा पितृसत्ताका दासताहरुको निरूपण र नारीवादी स्वरलाई दुबैले देखाए पनि दोस्रोमा त्यसको घनत्व बढी देखिएको छ ।

समग्रमा भन्दा नवीन शिल्प संरचना अनि सीमित परिवेशमा केन्द्रित भई बहुरङ्गी समाजको चित्रणका दृष्टिले पहिलो बढी महत्त्वको देखिएको छ भने सीमित नारी समस्या (बाल, अनमेल, बहु विवाह र बालविधवाका) उठाएर तिनलाई घनत्वपूर्ण गहिराइ साथ हेराइका दृष्टिले दोस्रो बढी महत्त्वको देखिएको छ । दुबैमा कलामूल्यको निर्वाह पनि राम्रो छ । त्यसैले यी दुबै उपन्यास उल्लेखनीय बनेका छन् ।

**प्रमुख सन्दर्भ सूची**

अर्याल, सिपी (२०६९), "इन्द्रेणी नायिकाको श्यामश्वेत कथा", *नागरिक.* (वैशाख ३०), पृ.घ ।

आचार्य, सन्तोष (२०६९), "मुर्दावाद जिन्दगी, जिन्दावाद जिन्दगी !", नेपाल राष्ट्रिय साप्ताहिक, (जेठ १४), पृ. ५१ ।

खनाल, सुलोचना (२०६७), "नारीवादी कोणबाट समानान्तर आकाश र टुँडाल उपन्यासको तुलनात्मक अध्ययन", पोखरा : पृथ्वीनारायण क्याम्पसको लघुअनुसन्धान परियोजनाका लागि प्रस्तुत शोधपत्र ।

--- (२०७५) , "अमर न्यौपानेका उपन्यासमा नारीवाद", पोखरा : पृथ्वीनारायण क्याम्पसको लघुअनुसन्धान परियोजनाका लागि प्रस्तुत शोधपत्र ।

घिमिरे, विष्णुविभु (२०६९), "अमरको सेतो धरती", *देशान्तर साप्ताहिक,* (असार ३), पृ. ६ ।

घिमिरे, शिखर (२०६९), "सुन्दर शैलीमा कारुणिक कथा", *नयाँ पत्रिका,* (असार ३०), पृ.शनिवार मध्यपृष्ठ ।

त्रिपाठी, सुधा (२०६८) "पाश्चात्य नारी लेखनमा नारीवाद प्रवृत्तिको विकास", *मधुपर्क,* ४४ : ४, पूर्णाङ्क ५०७, ( भदौ), पृ. ५-८ ।

निरौला, आयुष (२०१२), "स्पेक्टटोर्स इन देयर ओन लाइभस्", *द काठमाडु पोस्ट,* (मे २६), पृ. १० ।

न्यौपाने, अमर (२०६६), *पानीको घाम,* दो. सं., काठमाडौँ : पैरवी बुक हाउस ।

--- (२०६८ चैत), *सेतो धरती,* काठमाडौँ : फाइनप्रिन्ट आइएनसी ।

--- (२०७२), *करोडौँ कस्तूरी,* काठमाडौँ : फाइनप्रिन्ट बुक्स ।

पौडेल, भूमीश्वर (२०६९), "सेतो आवरणभित्रको रङ्गीन जीवन", सौर्य दैनिक, (वैशाख ३०), पृ. ११ ।

पौडेल, विष्णुप्रसाद (२०६९क), *नारीवादी सिद्धान्त र नेपाली उपन्यासमा यसको प्रारम्भिक रूप,* पोखरा : सिर्जनशील लोकतान्त्रिक प्रतिष्ठान।

--- (२०६९ख),"पानीको घाममा टल्केको जीवनको प्रतिबिम्ब" *रचना,* पूर्णाङ्क १२३ (२०६९, फागुन-चैत अङ्क), पृ. २७ - ३९ ।

--- (२०६९ग), "सेतो धरती उपन्यासको विषय वस्तु र त्यसमा अभिव्यक्त जीवन दृष्टि" *प्रज्ञा प्रभात,* ४:४ (चैत २५), पृ.१०५-११३ ।

भट्टराई, ऋचा (२०६९), "श्वेत पृष्ठभूमिको रङ्ग", *अन्नपूर्ण पोस्ट,* (वैशाख ३०), पृ. ७ ।

लामिछाने, जीवा (२०६९), "श्यामश्वेत जीवनका कथा", *हिमाल खबर पत्रिका,* (साउन १-१५), पृ. ५९ ।

शर्मा, नेहा (२०६९), "कथा बालविवाहको", *नागरिक,* (जेठ २७), पृ. ।

हिमालयन न्युज सर्भिस (२०१२), "अ ह्वाइट क्यानभास", *द हिमालयन टाइमस्,* (अगस्त ५), पृ. ।

**विद्युतीय माध्यमका सन्दर्भ सूची**

**उपन्यासकार अमर न्यौपानेको विवाहमा ब्रेकअप १ वैशाखमा पुनः विवाह गर्ने कुरा हल्लामात्रै अश्विनी कोइराला, २०७४ चैत २४ गते १३:१ मा प्रकाशित ।** Retrieved from https://www.onlinekhabar.com/2018/04/670692

**११ वर्षदेखि बलात्कारमा परेँ : अमर न्यौपाने** । Retrieved from http://sabdasahitya.blogspot.com/2015/01/blog-post.html

Amar Neupane on Talk Show with Moharaj Sharma. Retrieved from https://www.youtube.com/watch?v=kwHGyJYt5Hs